



PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

eprateekdaily.com




❖ वर्ष ३५ ❖ २०७८ चैत २५ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 April 08 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २२०

## दुई वर्षको वीरगंज–पथलैया व्यापारिक मार्गमा साढे चार वर्ष म्याद थप

प्रस, परवानीपुर, २४ चैत/

वीरगंज–पथलैया औद्योगिक कोरिडोरको एउटा महत्त्वपूर्ण र बहुप्रतीक्षित योजनामध्येको योजना हो, वीरगंज–पथलैया व्यापारिक मार्ग विस्तार आयोजना। तर ठेकेदारको लापरवाहीले उक्त योजना निकै नै सुस्त भएको देखिएको छ।




दुई वर्षमा सम्पन्न हुनुपर्ने योजना साढे छ वर्षमा पनि सम्पन्न हुन नसक्दा यस भेगका जनता सास्ती र समस्या खेप्न बाध्य छन्।

२०७३ असार २९ गतेदेखि शुरू भएको योजना दुई वर्षभित्रमा सम्पन्न गर्नुपर्ने शर्त थियो। तर ठेकेदारहरूले भूकम्प, साइट खाली गराउन, निर्माण सामग्रीको अभाव, दुई वर्षको कोरोना महामारीलगायतको हवाला दिंदै म्यादमाथि म्याद थप्दै आयोजना लम्ब्याएका छन्।

अहिले व्यापारिक मार्गका सडक, पुल, कल्भर्टलगायत निर्माणमा ठेकेदार कम्पनीहरूले फेरि म्याद थप गर्नको लागि आयोजना कार्यालय, पथलैयामा निवेदन दिएको आयोजना प्रमुख मनीषकुमार साहले बताए।

उनका अनुसार कम काम गरेका ठेक्का नं १, २, ३, ५ र ७ का ठेकेदारमार्फत म्याद थपको लागि निवेदन प्राप्त भएको जानकारी गराउँदै आफूले चैत मसान्तभित्र नै जसरी पनि काम सम्पन्न गर्न निर्देशन दिएको बताए। चैतभित्र काम सम्पन्न नगर्ने ठेकेदारले नियम अनुसार क्षतिपूर्ति तिर्नुपर्ने आफूले अडान राखेको बताए।

उनका अनुसार हालसम्म ८० प्रतिशत वित्तीय प्रगति र ८३.७० प्रतिशत भौतिक प्रगति भएको जानकारी गराए। फागुन ३० गतेसम्म प्रगति अनुसार अहिले लगभग १६ प्रतिशत काम गर्न बाँकी रहेको छ।

मुख्यगरी, सूर्य नेपालदेखि जीतपुरबजार हुँदै नेपाली सेनाको ब्यारेकसम्म, परवानीपुर चोकदेखि जगरनाथपुर गण्डकसम्म, हरपतगंजदेखि ड्राइपोर्टसम्म, परवानीपुर–गण्डक सडकखण्डमा तथा श्रीसिया खोलामा निर्माण भइरहेका दुईवटा पुल र जीतपुरको लालका पुलको कामलगायतमा अहिले पनि काम अधूरो रहेको देखिएको छ।

पथलैया, परवानीपुर, ड्राइपोर्ट, आइसिपीसम्म तथा परवानीपुर–गण्डक गरी दुईवटा रूटमा आठवटा सडक र तीनवटा पुलको ठेक्का लगाइएको छ। त्यसैगरी, गण्डक नहरमा दुईवटा कल्भर्टको समेत ठेक्का लगाइएको छ।

परवानीपुरदेखि गण्डक नहर जगरनाथपुरसम्म ठेक्का लिएको एएमआर/पप्पु कन्टेक्टले ठेक्का लिए पनि जम्मा ६५ प्रतिशत काम गरेको छ।

त्यसैगरी, जगरनाथपुर गण्डक नहरदेखि हरपतगंजसम्म श्रेष्ठ/बिरुवा एपेक्स जेभीले ठेक्का लिएकोमा ८३ प्रतिशत काम गरेको छ।

यस्तै, हरपतगंज चोकदेखि ड्राइपोर्टसम्म पप्पु/लुम्बिनी जेभीले ठेक्का लिएकोमा जम्मा ७१ प्रतिशत, पथलैया चोकदेखि सूर्य नेपालसम्म एएमआर/कानटेक जेभीले ठेक्का लिएकोमा ९५ प्रतिशत, सूर्य नेपालदेखि गढीमाई आर्मी ब्यारेकसम्म शर्मा/युनाइटेड बिल्डर्स/दिवा निर्माण सेवाले ७० प्रतिशत र आर्मी ब्यारेकदेखि परवानीपुर चोकसम्म एएमआर/कानटेक जेभीले ८८ प्रतिशत काम गरेका छन्। त्यसैगरी, परवानीपुरदेखि गण्डक चोकसम्म चारलेन बाटो बनाउने ठेक्का दिवा–सपना/जेभीले लिएको छ। तर ८९ प्रतिशत मात्र काम गरेको देखिएको छ।

यस्तै, यी सातवटा ठेक्कामा सडकको कुल लम्बाइ ३०.६८ किलोमिटर, वित्तीय प्रगति ७८.१३ प्रतिशत रहेको छ भने भौतिक प्रगति ८२.८० प्रतिशत रहेको छ।

त्यसैगरी, जीतपुरको लालका पुलको ठेक्का इलाइट–एसबिए जेभीले लिएकोमा काम लगभग पूरा भएको छ।

पुलको काम ९८ प्रतिशत भएको देखिएको छ।

त्यसैगरी, परवानीपुर चोकमा निर्माण भएको पुलको ठेक्का लुम्बिनी–मृतसञ्जीवनीले लिएकोमा जम्मा ८८ प्रतिशत काम गरेको छ।

त्यसैगरी, लालपर्सामा निर्माण भएको श्रीसिया पुलको काममा लुम्बिनी–मृत संजीवनीले नै फागुन मसान्तसम्म ८५ प्रतिशत काम गरेका छन्।

त्यसैगरी, पथलैया चोकदेखि परवानीपुर हुँदै ड्राइपोर्टसम्म ड्रेन कभर र स्ट्रीटलाइटको ठेक्का कानटेक लुम्बिनी जेभीले लिएकोमा जम्मा ८० प्रतिशत काम सम्पन्न भएको छ।

ड्राइपोर्टदेखि आइसिपी चोकसम्म छ सय मिटर लम्बाइको सडकमा रमन–महावीर जेभीले ९९ प्रतिशत काम गरेको छ। त्यसैगरी, जगरनाथपुर र गण्डक बहुअरीमा निर्माण भएको दुईवटा कल्भर्टको ठेक्का एम/एस सपना निर्माण सेवाले लिएकोमा जम्मा ७५ प्रतिशत काम भएको छ।

यसरी हेर्दा १३ वटा ठेक्कामा पाँच अर्ब ५७ करोड ९३ लाख ६९ हजार ९१८ रुपियाँको ठेक्का लगाइएकोमा गत फागुन मसान्तसम्म चार अर्ब ३८ करोड २८ लाख ७० हजार रुपियाँ भुक्तानी भइसकेको आयोजना कार्यालयका प्रमुख साहले बताए।

लामो समयदेखि आयोजना अल्पत्र हुँदा वीरगंजबाट पूर्वी नेपाल हेटौंडातर्फ प्रस्थान गर्ने यात्रुहरूलाई समस्या भोग्नुपरेको छ।

## गाउँमा पैसावाल नै चर्चित उम्मेदवार

प्रस, वीरगंज, २४ चैत/

स्थानीय तहको निर्वाचन नजीकिंदै जाँदा गाउँघरमा अहिले उम्मेदवारहरूको घुइँचो लागेको छ। पर्सामा सक्रियरूपमा रहेका १० दलबाट स्थानीय चुनावमा प्रतिस्पर्धा गर्ने अधिकांश उम्मेदवार आयातित छन्।

पर्साका विभिन्न स्थानीय तहमा घर भएपनि नेपालका कुनाकुनामा बसी बढी मात्रामा पैसा अर्जित गरेका उम्मेदवारहरू अहिले पैसालाई फुटहा जस्तो खर्च गरिरहेका छन्। त्यतिमात्र होइन, जोसँग बढी पैसा छ, उही गाउँको ठूलो इमानदार उम्मेदवारको रूपमा अहिले चर्चा पाइरहेको छ।

जनतालाई विगत लामो समयसम्म शोषण, दमन गरेका, परिवार–परिवारबीच झगडा लगाएका, जहिले पनि विवादितरूपमा आफ्नो पहिचान बनाएका उम्मेदवाहरूसँग बढी पैसा भएको कारण उनीहरू गाउँघमा अहिले चर्चित उम्मेदवारको रूपमा अगाडि बढिरहेका छन्।

स्थानीय तहका अनुसार पालिका अध्यक्षको लागि एक करोडसम्म रकम खर्च गर्ने हैसियत राखेका उम्मेदवारहरू अहिले चुनावी प्रतिस्पर्धामा उत्रेका छन्। गत वर्षझैं यस वर्ष पनि जनतालाई पैसाको बलमा आफ्ना मतदातालाई प्रभावमा पारी विजयी भएका उम्मेदवारहरूले आआफ्नो कार्यकालमा गरेका अनियमितताको बारे मतदाताहरूलाई थाहा भएपनि फेरि सोही जालोमा फस्न आतुर छन्।

## छिपहरमाई गापामा उम्मेदवारहरूको चर्चा

प्रस, भिस्वा, २४ चैत/

छिपहरमाई गाउँपालिकामा विभिन्न दलबाट स्थानीय चुनावमा प्रतिनिधित्वको लागि उम्मेदवारहरूको चर्चा शुरू भएको छ।



मनोज गुप्ता, रामेश्वर महतो, नवीन सिंह, राजीव जयसवाल

स्थानीय चुनावको घोषणा भएपछि यहाँको राजनीति पनि चुलिएको छ। १७ वर्षपछि भएको गत स्थानीय चुनावमा छिपहरमाई गापाबाट अध्यक्ष र उपाध्यक्षमा नेकपा माओवादी केन्द्रबाट मनोज गुप्ता र मदिना खातुन विजयी भएका थिए।

नेकपा एमाले र माओवादी केन्द्र मिलेको बेला बनेको नेकपामा रहेका अध्यक्ष, उपाध्यक्ष अहिले एमालेमा छन्। एमालेबाट अध्यक्ष गुप्ता र उपाध्यक्षमा खातुनको नाम चर्चामा छ।

जनता समाजवादी पार्टीबाट इन्द्रासन साह कलवारको नाम चर्चामा छ भने यो चुनावमा नेकपा माओवादी केन्द्रबाट राजीव जयसवाल लड्ने भएका छन्।

नेपाली काङ्ग्रेसबाट अहिलेसम्म दुईजनाको नाम चर्चामा छ। रामेश्वर महतो केवट र नवीन सिंहको नाम गापा अध्यक्षमा चर्चामा छ। दुईजनामध्ये एकजना गापा अध्यक्षमा लड्ने चर्चा छ।

यसैगरी, वडाध्यक्षमा मौजीलाल साह, सुखेन साह कानू, शाहरूख मन्सुरी, कृष्ण साह, सचिनकुमार सिंह, महेन्द्र साह कलवार, रामनाथ कुर्मी, विनोद साह कानूलगायतको नाम चर्चामा छ।

## भन्सार नाकामा बिरुवा, स्वस्थता प्रमाणपत्रको झन्झट क्वारेन्टाइनले रोक्दै, भन्सारले छाड्दै

प्रस, परवानीपुर, २४ चैत/

वीरगंज भन्सारको आइसिपी नाका भएर आयात गर्ने कृषिजन्य खाद्य सामग्रीमा बिरुवा स्वस्थता प्रमाणपत्र (फाइटो सेनेट्री सर्टिफिकेट)को झन्झट व्यवसायीहरूले महसूस गरेका छन्। गत फागुनदेखि कृषि मन्त्रालय मातहतको प्लान्ट क्वारेन्टाइन एन्ड पेस्टिसाइट म्यानेजमेन्ट सेन्टरले जारी गरेको निर्देशन अनुसार कुनै पनि बिरुवाजन्य जस्तै फलफूल तरकारी, पिना, धान, गहुँ, मकै, तोरी, भटमास, भुस, केराउलगायतका सामान आयात गर्दा उक्त प्रमाणपत्र अनलाइन एकद्वार प्रणालीमा पेश गर्नुपर्ने अनिवार्यता गरेको छ।




यो प्रमाणपत्र जुन देशले सामान निकासी गर्छ, त्यो देशको क्वारेन्टाइन कार्यालयले निर्यातकर्तालाई उपलब्ध गराउने एउटा प्रमाणपत्र हो।

त्यसैको आधारमा आयातकर्ताको छुटपुर्जी कम्प्युटरबाट स्वीकृत हुन्छ। तर अधिकांश आयातकर्ताले ती प्रमाणपत्रहरू पेश नगर्ने गरेको र भन्सारका कर्मचारीहरूलाई प्रभावमा पारी आयात स्वीकृतिकै आधारमा ती सामानहरू जाँचपास गराएर भित्र्याउने गरेको प्लान्ट क्वारेन्टाइन ड्राइपोर्ट शाखाका प्राविधिक सहायक रामनरेश साहले बताए।

उनले भने, "यो नियम पहिलेदेखि पनि थियो तर प्लान्टको हाम्रो माथिल्लो निकायले २०७८ सालमा भन्सारको कामकाज एकद्वार प्रणालीमा गएपछि कडाइ गर्दै गरेको छ, त्यसैले यस्तो निर्देशन जारी भएको हो, भारत र तेस्रो मुलुकबाट कृषिजन्य सामान आयात गर्दा फाइटोको प्रमाणपत्र पेश नगर्दा सामान सीमानाकामैं रोक्न हामीलाई निर्देशन छ।"

उनका अनुसार फाइटोको प्रमाणपत्र पेश नगर्दा स्थलमार्ग अर्थात् कोलकाता भएर आइसिपी हुँदै नेपाल भित्रिन करीब ३० वटा गाडी दैनिक वीरगंज आइसिपीमा होल्ड हुने गरेको जानकारी गराए। तर स्रोतका अनुसार ती आयातकर्ताहरूले क्वारेन्टाइन कार्यालयलाई बाइपास गरी भन्सार कार्यालयलाई आर्थिक प्रलोभनमा पारेर सामान छुटाएर लैजाने गरेको बताइएको छ।

वीरगंज भन्सारका प्रमुख भन्सार अधिकृत हरिहर पौडेलका अनुसार हामीले कुनै नियमविपरीत काम नगरेको बताउँदै यदि क्वारेन्टाइनले रोकेको छ भने त्यस्ता गाडीहरू रोकिएका होलान्। तर आइसिपीमा फाइटो प्रमाणपत्रको कारण गाडी रोकिएको आफूलाई जानकारी नभएको स्पष्ट पारे।

## देहातको बाटो–बाटोमा पेट्रोलको खुलेआम कालोबजारी

प्रमोद यादव, पंचगावाँ, २४ चैत/

पर्साका ग्रामीण क्षेत्रहरूमा विगत एक सातादेखि पेट्रोलियम पदार्थको अभाव भएपछि अहिले खुलेआम कालोबजारी भइरहेको छ।



ग्रामीण क्षेत्रको पेट्रोल पम्पबाट इन्धन लैंजाँदै तस्कर। तस्वीरः प्रतीक

गाउँ देहातका बाटो–बाटोमा खुला स्थानमा पेट्रोल बेच्ने गरिएको छ। ती स्थानमा पेट्रोल प्रतिलिटर रु १९० देखि रु दुई सयसम्म बिक्री भइरहेको पटेर्वासुगौली गाउँपालिका–२ का स्थानीय मुना तिवारीले बताए।

त्यस्तै, सखुवाप्रसौनी गाउँपालिका–२ पंचगावाँ, जमुनिया, प्रसौनीलगायतका स्थानमा पेट्रोल रु १८० देखि २०० सम्म बिक्री भइरहेको छ भने जीराभवानी गाउँपालिका–५ शङ्कर सरैया र पटेर्वासुगौलीमा रु १९० मा पेट्रोल बिक्री भइरहेको छ। पेट्रोल पम्पहरूमा अहिले पेट्रोल प्रतिलिटर रु १६०.८५ मा बिक्री भइरहेको छ।

स्थानीय तह, प्रशासन र प्रहरीले ध्यान नदिंदा गाउँ–देहातमा खुला स्थानमा मिसावटयुक्त पेट्रोल, डिजेल बिक्री भइरहेको छ। मिसावटयुक्त पेट्रोल चर्को मूल्यमा खरीद गरेर सवारीसाधन धनीहरू दोहोरो मर्कामा परिरहेका छन्।

## विचारसार र सूक्तिहरू

टाउकोमा आइपर्नु अगावै कुनै समस्या पहिचान गर्ने विशेषता नै नेतृत्वको गुण हो ।


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.prateekdaily.com


# गलती गर्नेलाई कारबाई हुनैपर्छ

**दूधको देखभाल बिरालोसँग गर्न लगाएपछि परिणाम पछुताउनुबाहेक केही हुन्न भन्ने पुरानो कथन छ । अहिलेसम्म धेरै परिवेशमा यो कथन सुहाउँदै आएको पनि छ। बिरालोलाई दूध प्रिय हुन्छ अनि उसैलाई त्यसको देखभाल गर्न दिनु भनेको मूर्खताबाहेक केही होइन । कुरा पर्सा जिल्लामा रहेका सरकारी अस्पतालहरूको हो । केन्द्रीय अस्पतालको दर्जामा रहेको नारायणी अस्पताल होस् अथवा जिल्ला अस्पतालमा परिणत पोखरिया अस्पताल, दुवै अस्पतालको समस्या समान छन्। सरकारी अस्पताल भएको कारण नारायणी अस्पतालमा सरकारी अनुदानका उपकरणहरू र विदेशी दातृसंस्था तथा स्थानीय सङ्घसंस्थाहरूको सहयोग सामग्रीहरू पर्याप्त मात्रामा आउने गरेका छन् । तर ती उपकरणहरू सञ्चालनमा आउँदैनन्। कारण सरकारी अस्पतालमा ती उपकरणहरूको प्रयोग भएको खण्डमा निजी क्लिनिक, अस्पताल, ल्याबहरू मुनाफामा जाँदैनन् । सरकारी दर सस्तो हुन्छ र निजीमा सोही सेवा महँगो पर्न जान्छ । नारायणी अस्पताल अथवा पोखरिया अस्पतालमा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मीहरूका औषधिपसल, क्लिनिक, ल्याब, अस्पताल छन्। अब सरकारी अस्पतालमा कार्यरत उनीहरूले आफ्ना निजी क्लिनिक, ल्याब, अस्पतालमा असर पर्ने सरकारी अस्पतालका यन्त्रहरूलाई सञ्चालनमा ल्याउन रुचाउँदैनन्। नारायणी अस्पतालमा यस प्रकारका घटनाहरू नौलो होइन। भर्खरै सिटी स्क्यान मेशिन सञ्चालनमा आयो । यो मेशिन यसअघि पनि आएको थियो तर थोरै समय सञ्चालनमा आएर बिग्रियो । बिग्रियो भन्ने दलील अस्पतालमा सो यन्त्र सञ्चालन गर्ने पक्षको हो तर अस्पतालले बिग्रेको मेशिन मर्मत गर्नेतर्फ चासो देखाएन र करोडौं मूल्यको यन्त्र बिग्रिएर गयो। फेरि सोही मेशिन दुई वर्षपछि आएको छ र सञ्चालनमा छ महीना बढी ढिला भयो । यो सबैले देखेका सुनेका कुरा हुन् ।**

**यस्ता अदृश्य घटनाहरू कति होलान् । अस्पतालमा सेवा लिन जानेहरू अपहरणमा पर्ने र अन्यत्र निजी अस्पतालमा पुऱ्याउने काम अहिले पनि जारी छ । सरकारी अस्पतालमा सेवा लिंदा सस्तोमा हुने तर निजी अस्पतालमा सोही सेवा महँगो हुने हुँदा जसको क्लिनिक छ, प्रयोगशाला छ, अस्पताल छ, ती व्यक्तिहरूबाट यस प्रकारका कामहरू भइरहेकै छन् भने अन्य कर्मचारीहरू पनि कमिशनको लोभमा सरकारी सेवाका लागि आउने बिरामीलाई अन्यत्र निजी क्षेत्रमा पुऱ्याउने काम गर्दैछन् । यस प्रकारका गतिविधिहरू भएको लामो समय भइसकेको छ । यसबारेमा प्रायः सबैजना जानकार भइसकेका छन् । तर पनि मानिस निर्लज्ज भइदिएपछि कसको के लाग्छ । अस्पतालमा कार्यरत चिकित्सक, कर्मचारीहरू प्रायः राजनीतिक ओतमा बसेका हुन्छन् । कुनै काम बिगारेमा पनि राजनीतिक ओतको कारण उनीहरूमाथि कारबाही हुँदैन । कारबाही नभएपछि मनोबल उच्च हुन्छ, यही विकृति नारायणीमा मौलाएको छ ।**

**नारायणीको विकृति अहिले जिल्ला अस्पताल पोखरियामा सर्दैछ । कहिले एक्स-रे मेशिन बिग्रन्छ भने कहिले ल्याबको केमिकल सकिन्छ । औषधालयमा औषधि अभाव सामान्य भइसक्यो । बाहिर उपलब्ध यी सेवाहरू अस्पतालभित्र सहज हुँदा सबैको कमाइ मर्छ । त्यसैले सबैको स्वार्थ जोडिएकाले यस प्रकारका घटनाहरू हुँदैछन् । यसका लागि सरकारी अस्पतालमा कार्यरत चिकित्सक, कर्मचारी अन्यत्र काम गर्न नपाउने व्यवस्था गर्नैपर्छ । हैन भने सरकारी अस्पतालले भोग्दै आएका यी समस्याहरूको निराकरण सम्भव नै छैन ।**

# सहज छैन स्थानीय निर्वाचनमा गठबन्धन

स्वतन्त्र विचार



श्रीमन्नारायण

an_shriman@yahoo.com

**चुनावपश्चात् लोसपाको सङ्गठनात्मक भविष्य र अस्तित्वमाथि प्रश्नचिह्न खडा हुनेछ । जसपाको प्रदर्शन विगतको जस्तो नरहे पनि लोसपाको तुलनामा राम्रो नै र हुनेछ । जबकि मधेस प्रदेशमा नेपाली काङ्ग्रेस र नेकपा एमालेले राम्रो गर्नेछन् ।**

स्थानीय तहमा पार्टी र सिद्धान्तभन्दा पनि उम्मेदवारको व्यक्तिगत छवि, जनसम्पर्क, पारिवारिक पृष्ठभूमि, निजी चरित्र र तत्कालीन परिस्थितिले पनि धेरै अर्थ राख्दछ। स्थानीय तहमा मतलाई हस्तान्तरण गराउन सजिलो हुँदैन । तसर्थ पनि गठबन्धन प्रभावकारी हुन सक्दैन।

स्थानीय तह निर्वाचनमा ठूलो बन्ने महत्त्वाकाङ्क्षी योजना बनाएको सत्ताधारी नेपाली काङ्ग्रेस तथा प्रमुख प्रत्तिपक्षी नेकपा एमाले आफ्नोतर्फबाट प्रत्येक सम्भव पाइला चाल्ने दिशामा अग्रसर देखिन्छन् । २०७४ सालमा पहिलो शक्ति बनेको एमाले आसन्न निर्वाचनबाट पनि त्यो हैसियत कायम राख्ने महत्त्वाकाङ्क्षा राखेको छ तर झन्डै चार वर्षसम्म सङ्घीय सरकार, प्रादेशिक सरकार तथा स्थानीय तहमा नेतृत्व गरेको यस दलको सम्भावना अपेक्षा गरे अनुसारको नरहने निश्चित छ। पार्टीमा आएको विभाजन र यसका वरिष्ठ नेताहरूद्वारा नेकपा (एकीकृत समाजवादी) गठन गरिएका कारण दलले ठूलो घाटा सहनुपर्नेछ । सत्ताधारी नेपाली काङ्ग्रेस पाँच दलीय गठबन्धनमार्फत चुनावमा जाने चर्चा व्यापक छ तर यो सम्भव होला जस्तो लाग्दैन । स्थानीयस्तरमा राजनीति गर्नेहरूको निम्ति यो निर्वाचन एउटा महापर्व जस्तो सुखद अनुभूति गराउने अवसर भएकाले पनि चुनावमा गठबन्धन सम्भव होला जस्तो लाग्दैन। राजनीतिक दलहरूले स्थानीय तहका नेता र कार्यकर्ताहरूको भावना र चाहनाविपरीत चुनावी गठबन्धन गर्ने निर्णय गर्दछ भने त्यसको परिमाण प्रत्युत्पादक पनि हुन सक्नेछ र राजनीतिक दलहरू चाहेर पनि आफ्नो सङ्गठनबाट कार्यकर्ताहरूको हुन सक्ने पलायनलाई रोक्न सक्नेछैनन् । स्थानीय निर्वाचनमा गठबन्धन असान्दर्भिक नै साबित हुनेछ।

२०७४ सालमा भएको प्रतिनिधिसभा र प्रादेशिकसभा निर्वाचनमा चुनावी गठबन्धनको परिणाम लाभदायक साबित भएको थियो। नेकपा एमाले र नेकपा (माओवादी केन्द्र)लगायतका वामपन्थीदलहरूबीच भएको गठबन्धनका कारण यसले प्रतिनिधिसभाको निर्वाचनमा झन्डै दुई तिहाइ समर्थन हासिल गर्न सफल भएको थियो। जबकि छवटा प्रादेशिक सरकारमा समेत यस गठबन्धनले सरकारको नेतृत्व हात पारेको थियो। गठबन्धनको सफलताबाट हौसिएर वाम गठबन्धनका प्रमुख दुई दल नेकपा एमाले तथा नेकपा (माओवादी केन्द्र)ले त पार्टी एकीकरण नै गरे । पार्टी एकीकरणपश्चात् अस्तित्वमा आएको "नेपाल कम्युनिस्ट पार्टी" बाहिरबाट मोटो त देखिन्थ्यो तर स्वस्थ भने थिएन । पार्टी एकीकरण भएको एक वर्षपछि नै विवाद शुरू हुन थाले र यसको परिणाम प्रतिनिधिसभा विघटनको सिफारिश, आफ्नै सरकारको सिफारिशविरुद्ध सडकदेखि सर्वोच्च अदालतसम्म पुग्ने काम पनि भए। सर्वोच्च अदालतको फैसलाबाट नेकपा पुनः पूर्ववत् अस्तित्वमा अर्थात् नेकपा र नेकपा (माओवादी केन्द्र)को रूपमा अस्तित्वमा देखा पऱ्यो। विवादका कारण वाम गठबन्धन नेतृत्वका छवटै प्रादेशिक सरकार पनि पतनको शिकार हुन पुग्यो र अहिले गैरएमाले दलहरूको गठबन्धन सरकार अस्तित्वमा छ ।

चुनावी गठबन्धनको सुखद अनुभव मधेसी दलहरूसित पनि छैन । मधेस प्रदेशमा यस गठबन्धनले ठूलो सफलता हासिल गरेको थियो । मधेस प्रदेशमा सजिलै बहुमतको सरकार बनाउन सफल भएको मधेसी गठबन्धनले चौथो वर्षमा प्रवेश गर्ने बित्तिकै घिस्रिएर हिंड्न थाल्यो। साढे तीन वर्षमैं यस गठबन्धनको यात्रा पनि टुङ्गियो । तसर्थ हाम्रो देशमा त सङ्घीय र प्रादेशिक संसद्मा पनि गठबन्धन धर्मको राम्ररी निर्वाह भएको उदाहरण छैन भने स्थानीय तहमा यो कसरी सम्भव हुन सक्नेछ।

प्रधानमन्त्री शेरबहादुर देउवाले लोकतन्त्र बचाउनका लागि भएपनि पाँच दलीय गठबन्धनलाई तीनै तहका निर्वाचनसम्म लैजानुपर्ने धारणा व्यक्त गरेका छन्। तीनै तहकै निर्वाचनमा तालमेल गर्ने सत्ता गठबन्धनको प्रतिबद्धताले नेकपा एमालेलाई अवश्य पनि चिन्तित बनाएको हुन सक्छ । नेकपा एमालेले केन्द्रीय तहमा गठबन्धन नबनाउने नीति तय गरेको छ तर आवश्यकता अनुसार स्थानीय तहमा भने तालमेलको ढोका खुला राखेको छ। शक्ति सन्तुलनको यथार्थ स्थितिको निरन्तर आकलन गर्ने र मूलतः एक्लै विजय हासिल गर्ने तयारीका साथ अगाडि बढ्ने एमालेको मूलनीति छ। स्थानीय वास्तविकता र आवश्यकता अनुसार तालमेल आवश्यक भएमा सम्बन्धित जिल्ला समितिले निर्णय गर्न सक्ने निष्कर्ष पनि एमालेको छ । हृदयेश त्रिपाठी नेतृत्वको जनता प्रगतिशील पार्टी र महन्त ठाकुर नेतृत्वको पार्टीसित पनि एमालेको गठबन्धन हुन सक्ने सम्भावना रहेको छ तर जसरी सिके राउतमाथि शुरूमा पृथकतावादको आरोप लागेको थियो, त्यस परिस्थितिमा सम्भवतः जनमत पार्टीसित नेकपा एमालेको चुनावी गठबन्धन नहुन सक्छ।

गत स्थानीय तह निर्वाचनमा एमालेले जितेका २९१ स्थानीय तहमा पाँच सयभन्दा कम मतान्तर थियो। अहिले भूतपूर्व प्रधानमन्त्री माधवकुमार नेपालको नेतृत्वमा नेकपा (एकीकृत समाजवादी) पनि अस्तित्वमा आएको कारण नेकपा एमालेले पाँच वर्षअघिको चुनावमा जितेका अधिकांश ठाउँमा मत विभाजन हुने निश्चित जस्तै छ तर पनि सत्ताधारी गठबन्धन चुनावी जोड-घटाउमा कुनै पनि हिसाबले नोक्सान हुँदैन, फाइदा नै हुन्छ । समीकरण नभएको खण्डमा गठबन्धन भासिने र पुनः वाम एकताको आधार निर्माण हुन सक्ने शङ्कासमेत नेपाली काङ्ग्रेसको संस्थापन पक्षका नेताहरूको रहेको छ। कथंकदाचित् फेरि पनि वाम गठनबन्धको संरचनाले आकार ग्रहण गऱ्यो भने २०७४ सालको निर्वाचन परिणाम पनि दोहोरिन सक्छ भन्ने शङ्का पनि नेपाली काङ्ग्रेसको संस्थापन पक्षका नेताहरूमा रहेको देखिन्छ । गठबन्धन समीकरणको विपक्षमा रहेका नेताहरूले भने एक्लै लड्दा पार्टीको आन्तरिक एकता बलियो हुने जबकि चुनावी गठनबन्धनमा पार्टीभित्र अनुशासनहीनता बढ्ने र पार्टी कार्यकर्ताहरू पलायन पनि हुन सक्ने ठम्याइ इतर पक्षका काङ्ग्रेसीहरूको छ। अन्य दलसँग समीकरण गर्नुभन्दा विगतका कमीकमजोरीलाई सच्याउँदै अघि बढ्ने हो भने विजय प्राप्त गर्न सकिने निष्कर्ष पनि काङ्ग्रेस इतर पक्षको रहेको छ ।

नेपाली काङ्ग्रेसको जनाधारमा पाँच वर्षअघि जुन कमी आएको थियो, त्यसमा बिस्तार-बिस्तारै रोक लागेको छ तथा मधेस एवं लुम्बिनी प्रदेशमा दलले आफ्नो पुरानो जनाधारमा बढ्त ल्याएको छ । मधेस प्रदेशमा पुरानो लोजपा र अहिलेको लोसपाको जनाधारमा ठूलो ह्रास आएको छ। मधेस प्रदेशमा खुम्चिन पुगेको लोसपा अहिले त्यस प्रदेशमा केही स्थानमा मात्र सीमित रहन गएको छ । आसन्न निर्वाचनमा यस दलले चुनावी गठबन्धन गरेन भने ठूलो पराजय झेल्नुपर्नेछ। नेपाली काङ्ग्रेस, नेकपा एमाले र जसपा तीनवटै दलको ध्यान लोसपाका नेता र कार्यकर्ताहरूलाई आफूतिर तान्नुरहेको देखिन्छ। नेकपा एमालेले जसपालाई पनि क्षति पुऱ्याइरहेको छ । नेकपा (माओवादी केन्द्र) र नेकपा (एकीकृत समाजवादी) केवल नेकपा एमालेकै कार्यकर्ता र समर्थकहरूलाई आफूतिर तान्ने प्रयास गरिरहेका देखिन्छन्। २०७४ सालको स्थानीय निर्वाचनमा मधेस प्रदेशको राजधानी जनकपुरधामबाट राजपाको उम्मेदवार भई निर्वाचित नगरप्रमुखले जसपा रोज्नु तथा राजविराजबाट राजपाकै उम्मेदवार भएर निर्वाचित नगरप्रमुखले जसपा रोज्नु लोसपाको निम्ति सामान्य क्षति होइन । प्रादेशिक सरकारको नेतृत्व गरिरहेको जसपाले वीरगंज महानगरपालिकाका नगरप्रमुखलाई आफ्नो दलमा राख्न नसक्नु ठूलो क्षति हो । नेपाली काङ्ग्रेस तथा नेकपा एमालेले मनोनयनपत्र दाखिला गर्ने बेलासम्म जसपा र लोसपालाई क्षति पुऱ्याउने सम्भावना देखिन्छ ।

नेपाली काङ्ग्रेसका नेता, कार्यकर्ता र समर्थकहरू अन्यत्र पलायन गर्ने सम्भावना देखिंदैन । भीडमा आधारित यो दल आज पनि आफ्नै स्वर्गीय नेताहरूको नाम, काम र दलकै इतिहासबाट चुनावी लाभ उठाउन चाहन्छ। चुनावको अन्तिम समयसम्म यो दलले गठबन्धनको आवश्यकता र औचित्यको महत्त्वलाई सम्झाउने र बुझाउने प्रयास गर्नेछ तर आन्तरिकरूपमा भने नेपाली काङ्ग्रेस तथा नेकपा एमाले चुनावी गठबन्धनको पक्षमा रहेका देखिंदैनन् र चुनाव भने एक्लै नै लड्ने निश्चित छ । नेकपा (माओवादी केन्द्र) र नेकपा (एकीकृत समाजवादी)बीच चुनावी गठबन्धनको सम्भावना देखिन्छ । विगत निर्वाचनमा कतिपय कतिपय ठाउँमा जसपा र माओवादी केन्द्रबीच सोझो प्रतिस्पर्धा भएका कारण स्थानीय तहमा कतिपय ठाउँमा यी दुई दलबीच मैत्रीपूर्ण प्रतिस्पर्धा पनि हुन सक्छ । यस चुनावमा नेपाली काङ्ग्रेसले गुमाउने भनेको केही पनि छैन, बरु यसले धेरै थोक पाउने नै छ। लोसपा र जसपाको प्रदर्शनमा ह्रास आउनेछ । चुनावपश्चात् लोसपाको सङ्गठनात्मक भविष्य र अस्तित्वमाथि प्रश्नचिह्न खडा हुनेछ। जसपाको प्रदर्शन विगतको जस्तो नरहे पनि लोसपाको तुलनामा राम्रो नै रहनेछ। जबकि मधेस प्रदेशमा नेपाली काङ्ग्रेस र नेकपा एमालेले राम्रो गर्नेछन्।

नेकपा (माओवादी केन्द्र) र नेकपा (एकीकृत समाजवादी) गठबन्धनले एमालेलाई क्षति पुऱ्याउनेछ । सम्भवतः नेपाली काङ्ग्रेस सबैभन्दा ठूलो पार्टी हुन सक्छ।

# चैती छठ: आज अस्ताउँदो सूर्यलाई अर्घ्य दिएर सम्पन्न

प्रस, वीरगंज, २५ चैत/

चैती छठको बिहीवार साँझ अस्ताउँदो सूर्यलाई अर्घ्य दिएर मनाइयो। आजका दिन बर्तालुहरूले निश्जल उपासना गर्दै छठ पूजा गरेका थिए ।

बिहानदेखि छठीमाताको लागि ठेकुवा, खजुरी, केसा, बतासा आदि मेवा मिष्ठान प्रसाद बनाएर छठमा आवश्यक पूजन सामग्रीसहित नजीकको घाट, तलाव, पोखरीमा गएर पूजाआजा गरेका थिए। भाकल गर्नेहरूले सडकमा भुइँपरि गरेर घाटसम्म कठिन यात्रा तय गरेका थिए भने घाटमा पुगेर कतिपय पोखरी, तलाव, नदीमा आधा शरीर डुबाएर सूर्य आराधना गरेका थिए।

शरीरमा हुने दु:खकष्ट मेटिने, सन्तान सुख पाउने, आफूले चिताएका कुराहरू पूरा हुने आस्थाका साथ छठीमाताको पूजा गर्ने गरिन्छ । आज पूरा दिन र रात निश्जल उपासना गरेका बर्तालुहरू भोलि शुक्रवार बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिएपछि उपासना तोडिन्छ।



तस्वीर: प्रतीक

कात्तिकमा धूमधामले मनाउने छठपूजा पछिल्लो समयमा चैतमा पनि उत्तिकै धूमधामले मनाउन थालिएको छ।

कोरोनाका कारण चैतमा छठपूजा प्रभावित हुँदै आएकाले यसपटक कोरोनाको असर कमजोर भएको र सबै कुरा पूर्णरूपमा खुला भएकाले चैती छठको आकर्षण बढेको हो ।

सँझियाघाटमा बर्तालुहरू नदी, पोखरी, तलावनजीक पुगी साँझ अस्ताउँदो सूर्यलाई अर्घ्य दिएर पूजाआजा गरी धूमधामका साथ मनाइन्छ । चैती छठ वीरगंजको घडीअर्वा पोखरी, मुर्ली, नगवा, रानीघाट, राधेमाईटोल, श्रीपुर, छपकैयाका जलाशय तथा नदी किनारमा मनाइँदैछ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अर्थ - उद्योग - वाणिज्य

## देशलाई कङ्गाल बनाउने तानाशाहहरू

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

**केवल सत्ता र शक्तिका लागि जहिले पनि षड्यन्त्र गर्ने र देशको आर्थिक विकासका लागि मिलेर होइन, नित्य गुट र फुटमा सक्रिय रहने नेपालका नेताहरू पनि देशलाई आर्थिकरूपमा कमजोर पार्नमा रोबर्ट मुगाबे, निकोलस मदुरो, किम जोङ उन, पाकिस्तानी र बर्माका सेनाका जनरलहरूझैं जिम्मेवार छन्।**

सिङ्गापुरका लि क्वान यु, मलेशियाका महाथिर मोहम्मद, चीनका देङ सिआओपिङ आदिले आफ्नो देशलाई धनी तुल्याएर प्रसिद्धि कमाए। तर केही नेताहरूले भने देशलाई कङ्गाल पारेर कुख्याति कमाए। चर्को राष्ट्रवादको नारा घन्क्याए तर मुलुकलाई निर्धन पारे।

देशलाई कङ्गाल बनाउने तानाशाहहरूमध्ये रोबर्ट मुगाबेको नाम अग्रपङ्क्तिमा पर्दछ। जिम्बाब्वेका पूर्वराष्ट्रपति रोबर्ट मुगाबे देशको सर्वोच्च सत्तामा करीब ४० वर्ष आसीन रहे, त्यस अवधिमा देशलाई कङ्गाल नै पारे। उनको कार्यकालमा देशमा महँगी यतिसम्म बढ्यो कि मानिसहरू सामान खरीद गर्न झोलामा पैसा बोकेर बजार जानुपर्ने भयो। अर्थात् जिम्बाब्वेको मुद्राको क्रयशक्ति यति घट्यो कि क्रेताहरूले पैसा (जिम्बाब्वेको डलर) झोलामा बोकेर बजार जानुपर्ने भयो। बढी मूल्यका सामान खरीद गर्न त ठेलागाडामा पैसा बोकेर बजार जानुपर्ने स्थिति भयो। मुद्रास्फीति यतिसम्म बढ्यो कि जिम्बाब्वेको सरकारले एक सय ट्रिलियन डलरको नोट निष्कासन गर्‍यो।

राष्ट्रवादको चर्को नारा दिएर सत्तामा पुगेका मुगाबेले देशलाई आर्थिकरूपमा बर्बाद पारे। चर्को राष्ट्रवादको नारा घन्क्याउने नेताहरू अति नै तानाशाह हुन्छन् र सत्तामा टिकिरहन उनीहरू देशलाई आर्थिकरूपमा बर्बाद पार्न पछि हट्दैनन् भन्ने कुराको बलियो प्रमाण मुगाबेले दिए। कस्तो अचम्म ! मुगाबेको नेतृत्वमा भएको आन्दोलनले अल्पसङ्ख्यक गोराहरूको जिम्बाब्वेमा रहेको सत्तामाथिको पकड खोसेर बहुसङ्ख्यक कालाहरूको हातमा पुर्‍याएको थियो। तर पछि त्यो आन्दोलन मुगाबेले आफ्ना सवर्ण कालाहरूको लागि गरेको नभएर आफू सत्तामा पुग्न गरेका रहेछन् भन्ने कुरा प्रमाणसहित प्रस्ट भयो।

अङ्ग्रेजहरू दक्षिण एशिया पस्दा दक्षिण एशिया वा त्यस वरपरकको कुन राष्ट्र आर्थिकरूपमा बलियो छ भनेर खोजी गरेका थिए। उनीहरूले त्यस बेलाको बर्मा, अहिलेको म्यान्मालाई अति धनी राष्ट्रको रूपमा पाएका थिए। अङ्ग्रेजहरू दक्षिण एशिया आउँदा पहिले बर्मा पसेका हुन् र त्यसपछि भारत आए। बर्मा त्यस बेलादेखिको धनी राष्ट्र हो। पहिले नेपाल, भारत, पाकिस्तान आदिबाट मानिसहरू काम गर्न वा रोजगारको लागि बर्मा जाने गर्दथे। बर्मामा अहिले पनि भारतीय एवं नेपालीहरूको बाक्लो बसोवास छ। त्यस्तो धनी राष्ट्र बर्मालाई त्यहाँका तानाशाह (सेनाका जनरल)हरूले कङ्गाल पारे। राष्ट्रवादको चर्को नारा घन्क्याउने सेनाका जनरलहरूले सत्तामा टिकिरहन बर्मालाई कङ्गाल नै पारे। अहिले बर्मा यतिसम्म चीनप्रति निर्भर हुन पुगेको छ कि चीनले बर्मातर्फ सामान निर्यात गर्न रोक्का गर्ने हो भने बर्मा आर्थिकरूपमा टाट पल्टिने छ, श्रीलङ्काझैं। त्यहाँ हाहाकार हुनेछ।

सत्ताको चास्नीको स्वाद पाएका पाकिस्तानका तानाशाह (सेनाका जनरल)हरूले पाकिस्तानको शासन व्यवस्था त्यस देशको स्थापनाकालदेखि आफ्नो हातबाट बाहिर जान दिएका छैनन्। पाकिस्तानका प्रधानमन्त्रीहरू जननिर्वाचित भए तापनि उनीहरूले सेनाको इच्छा अनुसार काम गर्नुपर्छ। सेनाको इच्छाविपरित काम गर्ने प्रम सत्ताबाट बाहिरिनुपर्छ वा कुनै षड्यन्त्रको शिकार हुनुपर्छ। यसले गर्दा पाकिस्तानको कुनै पनि प्रमले अहिलेसम्म कार्यकालको सम्पूर्ण अवधि काम गर्न पाएको इतिहास छैन। हालका प्रम इमरान खानलाई सत्ताबाट बाहिर पुर्‍याउन त्यहाँका सेनाका जनरलहरू लागिपरेका छन्। सेनाका जनरलहरूको षड्यन्त्रको शिकार भएर नै त्यहाँका प्रम जुल्फिकार अली भुट्टोले फाँसीको सजाय पाएका थिए। पाकिस्तानका जनरलहरूले प्रम भुट्टोलाई फाँसीमा चढाएका थिए।

पाकिस्तानी सेनाका जनरलहरूले सत्तामा टिकिरहन पाकिस्तानलाई गरीब पार्दै लगेका छन्। साधन र स्रोतले भरपूर पाकिस्तान सेनाका जनरलको छायाबाट बाहिर आउने हो भने कम समयमा नै धनी हुन सक्छ। यस कुराको उदाहरणको लागि बङ्गलादेशको आर्थिक प्रगतिलाई लिन सकिन्छ। बङ्गलादेशमा सेनाका जनरलहरूभन्दा जननिर्वाचित नेताहरू राजनीतिकरूपमा बलिया छन्। तर अचम्मको कुरा के छ भने पाकिस्तानी सेनाका जनरलहरू आफूलाई नेताभन्दा अति राष्ट्रवादी मान्दछन्। त्यस्तो प्रचार गर्छन्। भारत र पाकिस्तान केवल केही घण्टाको अघिपछि बेलायताबाट स्वतन्त्र भएका हुन्। अहिले भारतको प्रतिव्यक्ति आय २,३१३ डलर छ भने पाकिस्तानको प्रतिव्यक्ति आय १,२५५ डलर छ। यी दुई राष्ट्रको प्रतिव्यक्ति आयको स्थितिको तुलना गर्दा पाकिस्तानका सेनाका जनरलहरू आफूहरू शक्तिमा रहन देशलाई धनी हुन दिइरहेका छैनन् भन्ने तथ्यको पुष्टि हुन्छ। पाकिस्तानमाझैं भारतमा सेनाका जनरलहरू बलिया छैनन्। उनीहरू सत्ता आफ्नो हातमा लिन चाहँदैनन्। र सत्ता उनीहरूको हातमा जान सक्ने स्थिति पनि छैन।

तानाशाहीमा अति कुख्यात उत्तर कोरियाका नेता किम जोङ उनले देशलाई आर्थिकरूपमा धराशयी नै पारेका छन्। उत्तर कोरियाका यी तानाशाह र यिनका भरौटेहरूले देशलाई दिन प्रतिदिन गरीब तुल्याउँदै लगेका छन्। आफ्नो सत्ता टिकाउन चीनको दास हुन पुगेका उत्तर कोरियाका तानाशाह वा नेताहरूले जनतालाई बन्दीझैं बनाएका छन् र देशलाई कारागारको रूपमा परिणत गरेका छन्। जबकि टुक्रिएर दुई कोरिया हुन पुगेको दक्षिण कोरिया अहिले एशिया मात्र होइन, विश्वकै धनी राष्ट्रहरूको श्रेणीमा पर्दछ। उत्तर कोरियाले गरीब राष्ट्रको पहिचान पाएको छ। राष्ट्रवादको नारा घन्क्याउन किम जोङ उन र उनका भरौटे (सेनाका जनरल)हरू पाकिस्तानका जनरलहरूभन्दा एक हात अगाडि छन्।

दक्षिण अमेरिकामा अवस्थित भेनजुयला विश्वमा नै सर्वाधिक पेट्रोलियम पदार्थ सञ्चिति भएको देश हो। भेनेजुयलासँग अहिले २९,९९,५३,००० ००० ब्यारेल तेल (पेट्रोलियम) सञ्चिति रहेको छ। तर यो देशको आर्थिक स्थिति अहिले नाजुक छ। देशको राजनीतिक स्थिति (तानाशाही) र आर्थिक दुरवस्थाले गर्दा यस देशको करीब एक तिहाइ नागरिकले देश छाडेका छन् र अन्य देशहरूमा राजनीतिक शरण लिएर बसेका छन्। कम्युनिस्ट नेताहरूले आफू सत्तामा बस्न भेनेजुयलालाई आर्थिक सङ्कटको स्थितिमा पुर्‍याएका छन्। अति गरीब तुल्याएका छन्। पहिले अर्थात् १४ वर्षसम्म ह्युगो चाभेजले यस देशमा तानाशाही कायम गरे भने अहले निकोलस मदुरोको तानाशाही कायम छ। भेनजुयलामा राष्ट्रपति मदुरोले तानाशाही कायम गरेको पनि नौ वर्ष जति भयो। मदुरो पनि भेनेजुयलाका अन्य नेता (विपक्षी)हरूलाई देशद्रोही देख्छन् र केवल आफू सर्वाधिक राष्ट्रवादी भएको नारा घन्काउँछन्। मजदूरहरूको नेता भएर राजनीतिमा प्रवेश गरेका मदुरो अहिले मजदूर (गरीब)हरूको रोजीरोटीको शत्रु बन्न पुगेका छन्। भेनेजुयलाको शासन व्यवस्थामा सदा पकड कायम राख्न मदुरोले धनी देश भेनजुयलालाई गरीब पार्दै लगेका छन्।

सिद्धान्तले प्रजातान्त्रिक तर व्यवहारले तानाशाही चरित्रका नेपालका नेताहरूले पनि नेपाललाई क्रमिकरूपमा गरीब पार्दै लगेका छन्। आफू शक्तिमा रहन यी नेताहरूले देशलाई क्रमिकरूपमा गरीब पार्दै लगेका छन्। सत्ताका लागि जहिले पनि षड्यन्त्रमा लीन यी नेताहरूको व्यवहारले गर्दा नै यो मुलुक गरीबीको दुष्चक्रबाट बाहिर आउन सकेको छैन। देशमा रोजगार छैन। कामको खोजीमा युवाहरू विदेशिनुपरेको छ।

नेपालका कम्युनिस्ट नेताहरूले त नेपाललाई गरीब बनाउन विशेष भूमिका नै निर्वाह गरेका छन्। नेपाललाई आर्थिकरूपमा अति कमजोर पार्न माओवादी नेताहरूले भने विशेष भूमिका निर्वाह गरे। पुष्पकमल दाहालको नेतृत्वमा भएको दश वर्षे जनयुद्धले नेपाललाई आर्थिकरूपमा वर्षौं पछाडि पार्‍यो। जनयुद्ध नाम दिइएको त्यो अति रक्तपातपूर्ण सङ्घर्षले बैंक लुट्ने, निजी एवं सार्वजनिक भवन ध्वस्त गर्ने, प्रहरी एवं प्रशासनिक भवनहरू बमले उडाउने, बसमा बम पड्काउनेजस्ता कामहरू गर्‍यो। त्यस जनयुद्धमा आर्थिक विकासका लागि आवश्यक अनेकौं भौतिक संरचना नष्ट भए। गरीबहरूका लागि भनेर गरिएको त्यो जनयुद्धले गरीबहरूको आर्थिक विकासका लागि केही गरेन। त्यस जनयुद्धको उपलब्धिको रूपमा बरु पुष्पकमल दाहाल र उनका परिवारहरूका सदस्यहरूले सत्ता सुख प्राप्त गरे। दाहाल प्रधानमन्त्री भए। जनयुद्धका नाममा ज्यान दिने, अङ्गभङ्ग हुने, यातना सहने माओवादी कार्यकर्ताहरू र उनीहरूको परिवारले के पाए ?

नेपाललाई गरीब पार्नमा प्रजातन्त्रको आवरणभित्र तानाशाही गर्ने खोज्ने प्रजातान्त्रिक नेताहरू पनि उत्तिकै जिम्मेवार छन्। पाँचपटक नेपालको प्रधानमन्त्री हुने पुगेका शेरबहादुर देउवाको नेपालको आर्थिक विकासमा के योगदान रह्यो ? केवल सत्ता र शक्तिका लागि राजनीति गर्ने देउवालाई आर्थिक विकासमा योगदान पुर्‍याउने नेताको रूपमा के नेपाली जनताले स्मरण गर्नेछ ? यो प्रश्नले देउवालाई सदैव पछ्याउनेछ।

२०४६ सालदेखि सक्रियरूपमा राजनीति गरिरहेका र तीन दशकदेखि नेपालको राजनीतिलाई आफ्नोवरिपरि घुमाउन सफल भएका तथा प्रमसमेत पनि भइसकेका व्यक्तिहरू केपीशर्मा ओली, झलनाथ खनाल, माधव नेपाल आदिको नेपालको आर्थिक विकासमा के योगदान रह्यो, नेपालको इतिहासले अवश्य पनि प्रश्न गर्नेछ।

केवल सत्ता र शक्तिका लागि जहिले पनि षड्यन्त्र गर्ने र देशको आर्थिक विकासका लागि मिलेर होइन, नित्य गुट र फुटमा सक्रिय रहने नेपालका नेताहरू पनि देशलाई आर्थिकरूपमा कमजोर पार्नमा रोबर्ट मुगाबे, निकोलस मदुरो, किम जोङ उन, पाकिस्तानी र बर्माका सेनाका जनरलहरूझैं जिम्मेवार छन्।

## एकपटक चार्ज गर्दा ५० किलोमिटर गुड्ने विद्युतीय स्कूटर बनायो नास्टले

काठमाडौं, २४ चत/रासस

नेपाल आयल निगमले निर्धारण गरेको मूल्य अनुसार हाल एक लिटर पेट्रोलको मूल्य रु १६० पर्छ। अन्तर्राष्ट्रिय बजारमा लगातार पेट्रोलियम पदार्थको मूल्य उकालो लागिरहेको छ। खासगरी रूस र युक्रेनबीचको सङघर्षको बाछिटाले लगातार इन्धनको मूल्यवृद्धि भइरहेको छ। यस्तो अवस्थामा राज्यको ठूलो धनराशि पेट्रोलियम पदार्थको खरीदमा खर्च भइरहेको छ।

त्यसमाथि शहर तथा शहरोन्मुख क्षेत्रमा आफ्नै सवारीसाधन चलाउनेको सङ्ख्या पनि बर्सेनि बढ्दै गएको छ। हरेक १५ दिनमा इन्डियन आयल कर्पोरेशनले पठाउने मूल्यसूची र त्यसैका आधारमा निगमले निर्धारण गर्ने मूल्यका आधारमा आफ्ना सवारीसाधन चलाउने हरेक नागरिकले थप खर्चको जोहो गर्नुपर्ने अवस्था आएको छ।

कोरोना कहरका कारण आर्थिक उपार्जनका क्षेत्र क्रमशः कमजोर बन्दै गएको तर इन्धनको मूल्यवृद्धि लगातार भइरहँदा त्यसले पारेको प्रभाव आफैंमा हरेक घरका लागि आर्थिक सङ्कटको कारक बन्दै गएको छ। पेट्रोलियम पदार्थको प्रयोग हुने सवारीसाधनको विकल्प खोल्न नागरिक बाध्य हुँदै गएका छन्। त्यसो त, सरकारले विद्युतीय सवारीसाधनको प्रयोगलाई बढावा दिँदै आएको छ। चालू आवको बजेटमा विद्युतीय सवारीसाधन आयात गर्दा एक प्रतिशत मात्रै भन्सार शुल्क लाग्ने व्यवस्था गरिएको छ।

क्रमशः नागरिकले विद्युतीय सवारीसाधनको प्रयोगलाई बढावा दिन थालेका छन्। तर उपयुक्त स्थानमा चार्जिङ स्टेशन नहुनु तथा पेट्रोलियम पदार्थ प्रयोग हुने जस्तै सवारीसाधन उपलब्ध नहुनुले पनि बाधा उत्पन्न गरिरहेको छ। हरेक सामान बिक्री गर्ने बजार मात्रै नेपाल भइरहेको सन्दर्भमा सरकारी तहबाटै विद्युतीय स्कूटरको अध्ययन गरेर नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट)ले तार्किक निष्कर्षमा पुर्‍याएको छ। नेपालका अधिकांश प्रतिष्ठानले प्रभावकारी काम गर्न नसकेको तथा खोजी अनुसन्धानमा नलागेको भन्ने गुनासोका बीचमा विद्युतीय स्कूटर निर्माण गरेर नयाँ सन्देश दिन खोजेको छ।

नेपालको माटो र बाटो सुहाउँदो मोडल बनाएको दाबी गर्दै प्रतिष्ठानले व्यावसायिकरूपमा कारखाना नै स्थापना गरेर स्कूटर उत्पादन गर्न चाहनेलाई मार्गप्रशस्त गरिएको छ। प्रतिष्ठानले तयार पारेको विद्युतीय स्कूटर प्रतिष्ठानका उपकुलपति डा सुनीलबाबू श्रेष्ठ, लुम्बिनी प्रदेशका योजना आयोगका उपाध्यक्ष वामदेव क्षेत्रीलगायतले आफैं प्रयोग गरेर हेरिसकेका छन्। प्रतिष्ठानले ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयलाई समेत सो स्कूटरका बारेमा जानकारी गराइसकेको छ। केही दिनभित्रै ऊर्जामन्त्री पम्फा भुसालको उपस्थितिमा उद्घाटन गर्ने कार्यक्रम तय गरिएको छ।

अन्तर्राष्ट्रिय बजारमा एकपटक चार्ज गर्दा एक हजार किलोमिटर गुड्ने विद्युतीय सवारीसाधन उपलब्ध भइसकेको छ। विद्युतीय सवारीसाधनको निर्माणमा चीन र भारत दुवै देशले ठूलो प्रगति गरिसकेका छन्। नेपालका सडकमा पनि विभिन्न मोडलका विद्युतीय सवारीसाधन गुड्न थालिसकेका छन्। पेट्रोलियम पदार्थको लगातार मूल्यवृद्धि भइरहने हो भने उपभोक्ताले बाध्य भएर नै विकल्प खोज्न थाल्छ। बजार अब सोही दिशातर्फ केन्द्रित भइरहेको छ।

प्रतिष्ठानका प्रविधि सङ्काय प्रमुख एवं इलेक्ट्रिक स्कूटर निर्माण कार्यक्रमका प्रमुख रवीन्द्र ढकालका अनुसार नेपाली भूगोललाई सुहाउँदो मोडलको विकास गरिएको छ। प्रतिष्ठानले हाल प्रोटोटाइप




(नमूना) निर्माण गरेको हो। यस्तै प्रतिष्ठानले नेपालमा नै कारखाना स्थापना गरेर काम गर्दा के कस्तो प्राविधिक तथा आर्थिक तयारी गर्नुपर्छ भन्नेबारेमा समेत सम्भाव्यता अध्ययन गरिरहेको छ। सो कार्यका लागि लुम्बिनी प्रदेश सरकारले सहकार्य गरिरहेको छ।

प्रतिष्ठानको परिसरमा नै विद्युतीय स्कूटरको प्रयोगशाला निर्माण गरिएको छ। हाल बनाइएको स्कूटरको नाम 'सारथि' राख्नेबारेमा तयारी भइरहेको ढकालले जानकारी दिए। नेपालमा नै उत्पादनका लागि सहयोग पुर्‍याउने उद्देश्यका साथ जनशक्तिसमेत तयार भएको छ। प्रतिष्ठानले आवश्यक अध्ययनसहित सात महीनामा परिणाम निकालेको हो।

एउटा स्कूटर बनाउन प्रतिष्ठानले रु तीन लाखभन्दा बढी खर्च गरेको छ। ठूलो मात्रामा उत्पादन गर्ने अवस्था आउँदा नेपालभित्रै न्यूनतम रु एक लाख ५० हजारदेखि रु दुई लाखसम्ममा विद्युतीय स्कूटर बनाउन सकिन्छ। सबै सामान विदेशबाट आयात गर्नुपर्ने भएकाले केही महँगो भने हुन जाने प्रतिष्ठानको बुझाइ छ।

नेपाल बजार मात्रै होइन, उत्पादनको थलो पनि बन्नुपर्छ भन्ने सोच राखेर आफूहरूले यसमा अध्ययन गरेको उल्लेख गर्दै ढकालले विद्युतीय स्कूटर नेपालमा नै बनाउन सकिनेमा आफू आशावादी रहेको बताए। प्रतिष्ठानले उनकै संयोजकत्वमा प्लास्टिकबाट पेट्रोल उत्पादन गर्ने अध्ययन पनि गरेको थियो। भारतको अघोषित नाकाबन्दीको समयमा गरिएको सो अध्ययन अवस्था सामान्य भएपछि त्यत्तिकै हराएर गयो। सो स्कूटर निर्माणमा टीम लिडरका रूपमा प्रह्लाद गुप्ताले विशेष भूमिका निर्वाह गरेका छन्।

प्रतिष्ठानले हाल तयार पारेको स्कूटरमा दुई किलोवाट क्षमताको लिथियम आयन ब्याट्री राखिएको छ। ब्याट्रीको क्षमता बढाउन सकिन्छ। हाल तयार भएको स्कूटर एकपटक चार्ज गर्दा ५० किलोमिटर गुड्न सक्छ। ढकालका अनुसार ब्याट्री र मोटरको क्षमता बढाउँदै जाँदा थप किलोमिटर गुड्ने बनाउन सकिन्छ।

विशेषगरी अधिकांश विद्युतीय सवारीसाधनमा प्रयोग हुने ब्याट्रीमा समस्या देखिने गरेको छ। नेपालमा नै लिड सेल ब्याट्रीको अनुसन्धान भइरहेको छ। प्रतिष्ठानले त्यसमा प्राविधिक तथा प्राज्ञिक सहयोग गरिरहेको छ। विद्युतीय सवारीसाधनको प्रयोगलाई बढावा दिन जताततै चार्जिङ स्टेशन निर्माण गर्नुपर्ने

(बाँकी पाँचौं पातामा)

## खानेपानीको सङ्कट बढ्दैः स्थानीयवासी चिन्तित

महोत्तरी, २४ चैत/रासस

मुलुकमा स्थानीय तह निर्वाचनको राप बढिरहेकै बेला महोत्तरीको उत्तरी क्षेत्रमा भने सर्वसाधारण खानेपानी नपाइने चिन्तामा छन्।

चैत सकिँदै गर्दा नै जिल्लाको उत्तरी क्षेत्रमा खानेपानीको सङ्कट बढेको छ। पानीका मुहान धमाधम सुक्न थालेपछि जिल्लाका उत्तरी क्षेत्रका बर्दिबास, भङ्गाहा र गौशाला नगरपालिका क्षेत्रमा खानेपानीको सङ्कट बढेको हो।

नदी, पानी खोल्सी, जरुवा, इनार र चापाकलसहितका पानीका स्रोतका मुहान सुक्दै गएपछि चैतमैं खानेपानीको सङ्कट बढेको यहाँका बासिन्दाले बताएका हुन्। सामान्यतया अत्यन्त राप बढ्ने वैशाख र जेठमा खानेपानीको समस्या भोग्दै आए पनि यसपालि भने मध्य चैतपछि नै पानीका मुहान सुक्दै गएका हुन्। अब असारमा राम्रो वर्षा नहुन्जेल खानेपानीको हाहाकार बढ्दै जाने यस भेगका बासिन्दा बताउँछन्।

"देशमा ठूलाबडालाई चुनावी रन्को छ, हामीलाई पानी खान नपाइने हो कि भन्ने चिन्ता छ," भङ्गाहा नगरपालिका–४ टोका बस्तीका राजकुमार दासले भने, "इनारको पानी रसातलमा पुगिसक्यो, राम्ररी डोल (बाल्टिन) डुब्न खोज्दैन, चापाकलले त मध्य चैतअघि नै जवाफ दिइसके।" चैत नबित्दै पानीको यो हाहाकारले वैशाख/जेठ कसरी टर्ने हो, सम्झेरै अत्यास लाग्ने उनले बताए। भङ्गाहा नगर क्षेत्रका ४ र ५ नं वडा बस्तीमा बर्सेनि गर्मीयाममा खानेपानीको सङ्कट पर्दै आएको छ। "हामीले थाहा पाउँदै १५ हातभन्दा बढी इनार खन्न सकिँदैनथ्यो, पानीको मूल भेटिन्थ्यो, अब त ती पुराना इनार सबै सुके," भङ्गाहा–४ कै ६० वर्षीय हरिदेव साहले प्रश्न तेर्स्याउँदै भने, "किन होला पानीका मुहान गहिरिएका ?"

चुरे पहाडी काछका बस्तीमा पनि खानेपानीको समस्या बढेको छ। जरुवा पानीका मुहान सुक्दै गएपछि समस्या बढेको काछवासी बताउँछन्। चुरे पहाडी काछमा बर्दिबास नगरपालिका–३, ४, ५, १० र ११ नम्बर वडामा ३० भन्दा बढी बस्ती छन्। पाखाबस्तीका सबैको गर्मीयाममा खानेपानी सङ्कट झेल्नु समान पीडा बनेको छ। "एक दशकअघिसम्म यहाँका जरुवा कहिल्यै सुक्दैन्थे, पछिल्ला केही वर्षयता नदी, पाखा र बगर, पर्ती जग्गामा बालुवा ढुङ्गा झिक्न ठूलठूला यन्त्र चल्न थालेपछि मुहान सुक्दै गएका हुन्," बर्दिबास–१० खयरमाराका सामाजिक,

(बाँकी चौथो पातामा)

# खस्कँदो आर्थिक अवस्था र निर्वाचन

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**विशेषगरी नेपालको औद्योगिक उत्पादनमा रूपान्तरणकारी क्रमभङ्ग नभई उत्पादकत्व र निर्यात दुवै बढ्ने सम्भावना छैन । त्यसका लागि ठूलो लगानी अपरिहार्य छ । त्यसैले अबको आर्थिक कूटनीतिको मूल ध्येय यस्तै लगानी भित्र्याउनेतर्फ केन्द्रित हुनुपर्छ ।**

स्थानीय तहको निर्वाचन सँघारमा छ । निर्वाचन नजीकिँदै जाँदा चोक, चौतारी र चियापसलहरूमा राजनीतिक बहस बिस्तारै तात्न थालेको छ। नेताहरूको गैरजिम्मेवार चुनावी नारा, जनप्रतिनिधिहरूका भ्रूटा आश्वासन, शक्ति र अख्तियारको दुरुपयोग, प्रतिज्ञा र प्रतिबद्धताको बेवास्ता तथा जनतासँग विगतको व्यवहार, गफ र विवादका विषय हुने गरेका छन् । हुनत प्रतिनिधिमूलक लोकतन्त्रको आत्मा भनेकै आवधिक निर्वाचन हो। यसलाई नागरिकहरूले महान् पर्व र उत्सवका रूपमा लिन सक्नुपर्दछ। सस्ता र भ्रूटा आश्वासन दिएर पदमा पुग्नेहरू, सार्वजनिक पदलाई व्यक्तिगत लाभको माध्यम बनाउनेहरू, स्वैरकल्पनाको सपना बाँडेर व्यवहारमा शून्य उपलब्धि दिनेहरूलाई मतदाताको कठघरामा उभ्याउने अवसर पनि हो निर्वाचन । सीमित स्रोतसाधनले पनि जनप्रिय र भविष्य बुन्ने काम गर्ने जनप्रतिनिधिहरूलाई जनादेशको नवीकरण गरिदिएर जनताको सम्मान दिने समय पनि यही हो ।

नागरिक, बैंकर, व्यापारीदेखि खुद्रा पसलेसम्म 'अब चुनाव आयो, अलिअलि पैसा त बजारमा आउँला, तरलता थोरै सहज होला र ब्याजदर पनि घट्ला' भन्ने आशा पलाएको देखिन्छ। यसलाई निश्चय नै स्वाभाविक अपेक्षाका रूपमा लिन सकिन्छ। किनभने निर्वाचनले एउटा अलग्गै आर्थिक सञ्जाल निर्माण गर्दछ। मुलुकमा एक वर्षभित्रै तीनै तहका निर्वाचन सम्पन्न गर्नुपर्ने देखिन्छ । निर्वाचन आयोग र सरकारद्वारा चुनाव सम्पन्न गर्न गरिने थप खर्चहरू राजनीतिक दल, उम्मेदवार र तिनका शुभचिन्तकसम्मले गर्ने खर्चले धेरै खालका खर्च वा उपभोग बढाउन र अर्थतन्त्र चलायमान बनाउन सघाउँछ । स्थानीय र संसदीय चुनावमा सबै पक्षबाट करीब एक खर्ब रुपियाँको नगद कारोबार हुने अनुमान छ। म्यादी प्रहरीदेखि कार्यकर्ता परिचालन र प्रचारप्रसार एवं मतको अदृश्य खरीदबिक्रीबाट तल्लो तहसम्म पुग्ने रकमले सामान्य उपभोगलाई बढाउन मदत गर्छ। त्यसले औपचारिक अर्थतन्त्रलाई सघाउने अपेक्षा गर्न सकिन्छ।

नेपालको वैध अर्थतन्त्रलाई क्रमश: अवैध अर्थतन्त्रले सङ्कटमा पार्न लागेका कारण यसरी परिचालित हुने नगदको ठूलो हिस्सा औपचारिक आर्थिक प्रणालीमैं प्रवेश नगर्ने आशङ्का पनि त्यतिकै छ । चुनावका लागि दल र नेताहरूले सङ्कलन गर्ने रकम कारोबार बैंक खातामार्फत नहुने, पार्टीको आम्दानीमैं त्यो रकम नदेखाउने, निर्वाचन आयोगले तोकेको खर्चसीमा कसैले पनि पालना नगर्ने र चुनावमा ठूलो सङ्ख्यामा भारतीय नम्बर प्लेटका भाडाका गाडी प्रयोग हुने र उम्मेदवारहरूले खर्चको व्यवस्थित हिसाबकिताब राख्ने परिपाटी नै नबसेकोले चुनावी अर्थतन्त्रको अधिकांश हिस्सा कालो अर्थतन्त्रमैं बिलाउने सम्भावना ठूलो रहेको निश्चित छ । संसारको कुनै पनि लोकतन्त्रमा अर्थतन्त्रको विकासमा स्वास्थ्य मतदाताको भोट निर्णायक हुन्छ। तर नेपाली मतदाताहरूको सचेतना मुलुकको आर्थिक-राजनीतिक अवस्था र आफूले खसाल्ने भोटबीच प्रत्यक्ष सम्बन्धबारे जानकारी नभएको अनुभूति विगतका चुनावी परिणामहरूले देखाएका छन् । दलहरूमैं आन्तरिक लोकतन्त्र र आर्थिक पारदर्शिताको अवस्था अत्यन्त नाजुक छ। निर्वाचन आयोगका निर्देशनहरू पनि अव्यावहारिक र परोक्ष रूपले उल्लङ्घनलाई नै प्रेरित गर्ने खालका छन्। मतदातामा आफ्नो मत मुलुक र आफ्नो आर्थिक भविष्यको निर्धारक हो भन्ने चेत नहुन्जेल मुलुकको स्वास्थ्य आर्थिक नीति बनाउने राजनीतिक नेतृत्व चुनिने छैन । यसले मुलुकको दिगो विकास र समृद्धि सम्भव नहुने प्राय:निश्चित छ ।

नेपालको व्यापारघाटा चालू आर्थिक वर्षको पहिलो आठ महीनामा अघिल्लो वर्षको सोही अवधिको तुलनामा ३४.५ प्रतिशतले बढेर ११ खर्ब ६१ अर्ब रुपियाँ पुगेको छ। सो अवधिमा एक खर्ब ४७ अर्ब रुपियाँ बराबर निर्यात भएको भनिए पनि नेपालमा अत्यन्तै कम मूल्य अभिवृद्धि (भ्यालु एड) भएका वस्तुहरू मात्र 'रिप्याकेजिङ' गरेर निर्यात भएका हुन्। यसले अर्थतन्त्रको उत्पादकत्व र रोजगार सृजनामा खासै योगदान गरेको देखिएको छैन । यही गतिमा जाने हो भने चालू आर्थिक वर्षको अन्त्यसम्म व्यापारघाटा करीब १८ खर्ब रुपियाँ पुग्ने निश्चित छ। यो तथ्याङ्क मुलुकको अर्थतन्त्र (४२ खर्ब मान्दा) को ४३ प्रतिशत हुन आउँछ, जुन असाध्यै चिन्ताजनक विषय हो । चालू आर्थिक वर्षको अहिलेसम्मको पूँजीगत खर्च मुश्किलले विनियोजनको २५ प्रतिशत छोएको छ । सरकारले पूँजीगत खर्च गर्नै नसकेका कारण बैंकिङ प्रणालीमा लगानीयोग्य तरलता अभाव अस्वाभाविक रूपले लम्बिएको छ। निजी लगानीको परिमाण बढ्न नसक्दा उत्पादकत्व एवं रोजगार नराम्ररी प्रभावित भएको छ। यही कारण आयात बढेको छ। चालू खाता घाटा ४ खर्ब १४ अर्ब र भुक्तानी सन्तुलन करीब अढाई खर्ब रुपियाँ घाटामा छ । राष्ट्र ऋण कुल गार्हस्थ्य उत्पादनको ५० प्रतिशत पुग्न लागेको, विप्रेषण घटेको र विदेशी अनुदान पनि लक्ष्यको २५ प्रतिशत मात्र भित्रिएको तथ्याङ्क छ।

त्यस्तै कुल गार्हस्थ्य उत्पादनमा औद्योगिक उत्पादनको योगदान ५ प्रतिशतभन्दा पनि कम भएको तथ्याङ्क छ। तर, त्यो तथ्याङ्क पनि उत्पादनप्रधान उद्योगहरूभन्दा सबै कच्चा पदार्थ आयात गरेर नाफाखोरी मात्र गर्ने प्रशोधनप्रधान उद्योगहरूमा आधारित हो । नेपालमा उत्पादन सम्भावना भएका सीमित उपजहरूले समेत बजार पहुँच र आपूर्ति सञ्जाल व्यवस्थापनका समस्या बेहोरिरहेका छन्। नेपाल कृषिप्रधान मुलुक भए पनि दाल, चामल, धान, तरकारी सबै आयात गर्ने गरेको छ। वार्षिक २ खर्ब रुपियाँभन्दा बढीका यी वस्तुहरूको आयात हुने गरेको छ । कृषि उत्पादन बढाउने वा कृषिको आधुनिकीकरण, यन्त्रीकरण गर्न सके २ खर्बको व्यापार घाटा कम गर्न सकिन्छ । त्यसैले कृषि प्रवर्द्धनमा राज्यको गम्भीर ध्यान जानु आवश्यक छ। राजनीतिक नेतृत्वले दृढ राजनीतिक इच्छाशक्ति र दृष्टिकोण प्रदर्शन गर्न सक्ने हो भने थोरै नीतिगत र संरचनागत परिवर्तनहरू गरेर कम्तीमा कृषि उपजको आयातलाई क्रमश: घटाउन सकिने सम्भावना अझै छ। तर त्यसतर्फ नीति निर्माणको तहमा कसैको वास्तविक चिन्ता, चासो र तदारुकता पटक्कै देखिएको छैन। यो प्रवृत्ति वास्तवमा दुई दशक पुरानो रोग भइसकेको छ ।

जलविद्युत्को विकास र त्यसको निर्यात गरेर व्यापारघाटा कम गर्न सकिने भरलाग्दो आशा सबैतिर देखिएको छ। अहिले त नेपालले विद्युत् आयात नै गरिरहेको छ । तर पनि प्रधानमन्त्री शेरबहादुर देउवाको सम्पन्न भारत भ्रमणका क्रममा जारी गरिएको जलविद्युत्को उत्पादन, प्रसारण र सीमापार व्यापारमा द्विपक्षीय सहयोग समेटिएको ऊर्जा क्षेत्र सहकार्यसम्बन्धी संयुक्त वक्तव्यले त्यो सम्भावनालाई मूर्त रूप दिन सघाउने छ। नेपाल र भारत दुवै मुलुकका प्रधानमन्त्रीको भूटान र बङ्गलादेशसँग ऊर्जा सहकार्य गर्ने सहमतिबाट विद्युत् व्यापारको सम्भावनालाई थप उजागर गरेको छ। त्यस्तै, प्रधानमन्त्री देउवाको भारत भ्रमणमा द्विपक्षीय वार्ता र सहमतिमा समेटिएका आर्थिक सेरोफेरोका संशोधित पारवहन सन्धिलाई निष्कर्षमा पुऱ्याउने र रेल, कार्गो, ट्रान्ससिपमेन्ट, निजी अपरेटरहरू, आन्तरिक जलमार्गहरू एवं थप बन्दरगाहहरूमा पहुँच बढाउने विषय स्वाभाविक महत्त्व र प्राथमिकताका विषय हुन् । भन्सार नाकाहरूमा आइसिपीहरूको निर्माणलाई निरन्तरता दिने र चाँदनी-दोधारामा सुक्खा बन्दरगाह निर्माणदेखि कृषि क्षेत्रमा सहयोग, रासायनिक मल आपूर्ति, प्रजनन राँग आपूर्ति र उखुको बीउको वंशाणु आदि प्रकृतिका सहयोग पनि निरन्तर जारी रहने नै छ।

विशेषगरी नेपालको औद्योगिक उत्पादनमा रूपान्तरणकारी क्रमभङ्ग नभई उत्पादकत्व र निर्यात दुवै बढ्ने सम्भावना छैन । त्यसका लागि ठूलो लगानी अपरिहार्य छ । त्यसैले अबको आर्थिक कूटनीतिको मूल ध्येय यस्तै लगानी भित्र्याउनेतर्फ केन्द्रित हुनुपर्छ । त्यसैले आत्मनिर्भर आर्थिक विकासका लागि नेपालले आफ्नै उपलब्ध स्रोत साधनको अधिकतम उपयोग गरी जागीरे भन्दा पनि उद्यमशील भावना विकास गर्न सक्नुपर्छ । बढ्दो व्यापार घाटा न्यूनीकरणका लागि मुलुकमा लगानी भित्र्याउन र नयाँ पुस्तालाई उद्यमी बन्न प्रेरित गर्ने नीति राज्यले लिन सक्नुपर्दछ। हुनत व्यापार एक बहुआयामिक विषय हो । त्यसैले व्यापार घाटा न्यूनीकरण गर्न कुनै एक मन्त्रालय वा निकायको मात्रै सरोकार र चिन्ताको विषय नभई यो सबैको चासो र चिन्ताको विषय हुनुपर्छ। यसका लागि कुनै एक निकायको एकल प्रयास मात्र पर्याप्त नहुने हुँदा सङ्घीय, प्रदेश र स्थानीय सरकारबीच सहयोग, सहकार्य, समन्वय र साझेदारी हुनैपर्दछ। सबैको साझा प्रयास र मेहनत भयो भने मात्र हाल देखिइरहेको व्यापार घाटाको विकराल अवस्था कम गरी आर्थिक विकास र समृद्धिको राष्ट्रिय सङ्कल्प पूरा गर्न सकिन्छ।

# सिमरा विमानस्थलबाट तीन महीनामा ८५ हजार यात्रीको आवागमन

प्रस, वीरगंज, २४ चैत/

सिमरा विमानस्थलबाट तीन महीनामा ८५ हजार यात्रीले काठमाडौं-सिमरा आवागमन गरेका छन्।




सन् २०२२ जनवरीदेखि मार्च तीन महीनामा बुद्ध, यति, गुण र श्री एयरलायन्सबाट ८४ हजार आठ सय ४५ जना यात्रीले काठमाडौं-सिमरा हवाईमार्गबाट आवागमन गरेको विमानस्थलका सूचना अधिकारी सुरेन्द्र कुशवाहाले जानकारी दिए।

खराब सडक, प्राकृतिक प्रकोप तथा राजनीतिक कारणले सडक अवरुद्ध भएका बेला सिमरा विमानस्थलबाट यात्रा गर्नेहरू बढेको सूचना अधिकारी कुशवाहाले बताए।

# सिमकार्ड/रिमकार्ड बिक्री वितरणमा कडाइ

काठमाडौं, २४ चैत/रासस

नेपाल दूरसञ्चार प्राधिकरणले मोबाइल सेवाको सिमकार्ड तथा रिमकार्ड बिक्री वितरणमा कडाइ गर्न सेवाप्रदायक कम्पनीलाई निर्देशन दिएको छ । प्राधिकरणले बिहीवार एक सूचना जारी गरी सो निर्देशन दिएको हो। सेवाप्रदायक कम्पनीले सिमकार्ड बिक्री वितरण गर्दा भर्नुपर्ने फाराम रीतपूर्वक नभराएको तथा कागजात रुजू नगरी सिमकार्ड बिक्री वितरण गरेको भन्ने गुनासो आएकाले प्राधिकरणले अबदेखि प्रक्रिया पूरा गरेर मात्र बिक्री वितरण भनेको हो।

"मोबाइल सेवाप्रदायकका सिमकार्ड/रिमकार्ड बिक्री वितरण गर्दा ग्राहकले भर्नुपर्ने फाराम (केवाइसी) रीतपूर्वक नभरी र नियमानुसार कागजात रुजू नगरी सेवाप्रदायकबाट सिमकार्ड/रिमकार्ड बिक्री वितरण भइरहेको भन्ने बुझिन आएको छ । मोबाइल सेवाप्रदायकले प्राधिकरणले दिएको निर्देशन र नियमानुसार ग्राहकलाई रीतपूर्वक फाराम भर्न लगाइ र विवरण रुजू गरेर मात्र सिमकार्ड/रिमकार्ड बिक्री वितरण गर्नुहुन अनुरोध छ," प्राधिकरणले जारी गरेको सूचनामा उल्लेख छ। यस्तै, ग्राहकलाई पनि आफ्नो वास्तविक विवरणको आधारमा मात्र सिमकार्ड/रिमकार्ड खरीद गर्न प्राधिकरणले आग्रह गरेको छ। निर्देशन बमोजिम सिमकार्ड तथा रिमकार्ड खरीद-बिक्री नभएको पाइएमा प्रचलित कानून बमोजिम कारबाई गरिने प्राधिकरणले जनाएको छ।


## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
|---|---|---|
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की-१० |
| ३. डा. आनन्दकुमार झा | ०५१-५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. पन्नालाल पटेल | ९८५५०३४१५५ | सिद्धार्थ मेडिकल हल, नाउक्षे, वीरगंज |
| ५. डा. श्यामसुन्दर दास | | |
| ६. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१-५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१-५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की-१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१-५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१-५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र ९८४९४१११९६ नारायणी आयुर्वेद औषधालय, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१-५२१९२१ नाउक्षे अस्पताल, वीरगंज

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१-५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. मीता महर्जन झा, ९८५५०३५५६०, दसतल्ले भवनको गेटनजिक, बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३-५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ।

**सम्पर्क: बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०७२९५०६०**


## खानेपानी ...

राजनीतिक कार्यकर्ता प्रेमध्वज लामाले पानीका मुहान सुक्दै जानुको कारणबारे भने, "वन उजाडिंदै जानु र अवैध उत्खनन नियन्त्रण हुन नसक्दा पानीका मुहान चाँडै सुक्ने गरेका हुन्।"

बर्दिवास-१, २, ३ र १४ का सघन शहरी बस्तीमा धाराबाट पनि खानेपानी झर्न निकै कम भएको बर्दिबास-२ बुद्धचोककी गृहिणी गायत्री आचार्यले बताइन् । "हाम्रो यताका धारामा पानी कहिल्यै सुक्दैनथ्यो," केही वर्ष पहिलेको अनुभव प्रस्ट्याउँदै उनले भनिन्, "पछिल्ला तीन/चार वर्षदेखि गर्मीयाममा पानी झर्न कम भएको छ।" त्यसैगरी, खानेपानीको स्रोत इनार मात्र भएका बर्दिबास नगरपालिका-८ को हाथीलेटमा पर्ने विजयबस्तीमा पनि इनारको पानी सुक्दै गएपछि त्यहाँका बासिन्दा समस्यामा परेका छन्।

यसबाहेक हाथीलेट बस्तीमा पनि खानेपानीका धारामा पानी निकै कम झर्न थालेको स्थानीय बासिन्दा होमबहादुर श्रेष्ठले बताए। बर्दिबासकै किसाननगर, विजलपुरा, मनहरिपुर, प्रेमनगर र पशुपतिनगरसहितका बस्तीमा धमाधम चैत मध्यमैं इनार सुक्न थालेपछि वैशाख, जेठमा के हालत हुने हो भन्दै त्यहाँका बासिन्दामा पिरोलो बढेको छ।

यस्तै, गौशाला नगरपालिकाका बेलगाछी, भरतपुर, लक्ष्मीनिया र रामनगर एवं भङ्गाहा नगरपालिकाका प्रेमनगर, भूचक्रपुर, धतियाटोल र रामनगरसहितका बस्तीमा धमाधम इनार र चापाकल सुक्न थालेपछि चैत अन्तिम नहुँदै खानेपानीको सङ्कट बढेको हो। बर्दिबास-८ हाथीलेटको विजयबस्तीमा ५५ घरका बीच रहेको एउटा इनार पनि चैतको दोस्रो सातामैं सुक्न थालेपछि अब खानेपानीका लागि के गर्ने भन्ने चिन्ताले त्यहाँका बासिन्दा पिरोलिएका छन्। "पहिले/पहिले पनि इनार त सुक्थे," विजयबस्तीकी गृहिणी मनमायाले भनिन्, "जेठसम्म पानी नपर्दा इनार सुक्ने त बेहोरिएको थियो, पछिल्ला दुई/तीन वर्षदेखि त चैतमैं इनार सुक्न थालेका छन्।"

बस्तीका ५५ घरका बासिन्दा पानी भर्न इनारमा पुग्दा इनारभित्र पानीका लागि झारिएका डोल (बाल्टिन) पानीमा डुब्न छाडेको सो बस्तीका गृहिणी बताउँछन्। "बाल्टिनभरि पानी आउँदैन, बाल्टिनमा तानिएको आधाउधी पानी पनि एकैपटक इनारभित्र झारिएका १५/१६ वटा डोल ठोक्किंदा अलिकति पानीमाथि आइपुग्छ," बस्तीकै अर्की गृहिणी सुभग्यादेवीले भनिन्, "चैतमैं यो हालत छ, जेठसम्म के होला ?"

पछिल्ला पाँच वर्षयता इनार सुक्ने क्रम बाक्लिएको यी तीनवटै नगरपालिका (बर्दिबास, गौशाला र भङ्गाहा) बस्तीका बासिन्दाको भनाइ छ। त्यसअघि लामो खडेरी पर्दा २०५४ सालको जेठमा केही इनार सुकेका सम्झँदै बर्दिबास-६ कृष्णपुरका सामाजिक कार्यकर्ता राजु महतोले पाँच वर्षयताभने इनार चैतमैं सुक्न थालेका बताए। आफ्ना वरिपरिका इनारहरू धमाधम सुकेपछि यस क्षेत्रका बासिन्दा खानेपानीको जोहो गर्न टाढा-टाढा पुग्नुपरेको छ। सरदर ५० फिट गहिराइका ५० प्रतिशत इनारको पानी तल्लो गोल (इनार बनाउँदा लगाइने सिमेन्ट, छड लगाएर बनाइएको रिङ्ग) मा पुगिसकेको बर्दिबास-९ पशुपतिनगरका सामाजिक, राजनीतिक कार्यकर्ता सुरजसिंह कुशवाहाले बताए।

बस्तीका इनार र चापाकल धमाधम सुकेपछि खान मात्र नभई न्वाइध्वाइसँगै वस्तुभाउलाई पानी ख्वाउनसमेत निकै सकस परेको भङ्गाहा-४ का बासिन्दाको गुनासो छ । भङ्गाहाको करीब ५०० घरधुरी बसोबास रहेका रामनगर बस्तीका २५ प्रतिशतभन्दा बढी इनार र चापाकल सुकिसकेका सो बस्तीका भरत यादवले बताए । इनारहरू धमाधम सुकेपछि सिंचाइको अर्को विकल्प नभएको आफूहरूको बालीनालीसमेत सुक्न थालेपछि जीवन गुजारासमेत सङ्कटमा परेको रामनगरबस्तीकै अर्का किसान नारायण दाहालको दु:खेसो छ।

यसपालि राम्ररी हिउँदे वर्षा नभएको, नदी क्षेत्रमा बालुवा, ढुङ्गा उत्खनन गर्नेहरूले ठूलठूला गहिरा खाल्डा बनाएका र चुरे क्षेत्रका जलाधार क्षेत्र धमाधम पुरिँदै जाँदा इनार र चापाकलमा पानीको सतह गहिरिँदै गएर चैत मध्यमैं खानेपानीको हाहाकार मच्चिन लागेको विज्ञहरू बताउँछन्। "हामीले प्राकृतिक सम्पदाको उपयोग र संरक्षणको कुरामा धेरै लापरवाही गऱ्यौं," महोत्तरीमा वर्षौंदेखि जलाधार क्षेत्र र चुरे संरक्षण अभियानमा जोडिंदै आएका सामुदायिक विकास तथा पैरवी मञ्च नेपाल बर्दिबासका अध्यक्ष नागदेव यादवले भने, "नदीहरूको अनियन्त्रित दोहन, चुरे क्षेत्र र यहाँका जलाधार क्षेत्रको संरक्षण गर्न नसक्ने हो भने दिनदिनै यो सङ्कट बढ्दै जानेछ।"

# अन्तर्राष्ट्रिय समाचार

## श्रीलङ्काली राष्ट्रपतिद्वारा आर्थिक विज्ञहरूको समूह नियुक्त

कोलम्बो, २४ चैत/सिन्हवा

श्रीलङ्काली राष्ट्रपति गोटबाया राजपाक्षेले यहाँको अर्थतन्त्र, दिगो विकास र ऋणसम्बन्धी व्यवस्थाको अध्ययन गरी सुझाव दिनका लागि एक विज्ञ समूह नियुक्त गरेका छन् । श्रीलङ्काली राष्ट्रपतिको कार्यालयले बिहीवार प्रकाशन गरेको एक विज्ञप्तिमा सो कुरा जनाइएको छ। पछिल्लो समयमा श्रीलङ्कामा आर्थिक सङ्कट परेको छ। सो सङ्कट समाधानका लागि उनले यो समूह नियुक्त गरेका हुन्।


तस्वीरः एजेन्सी

पछिल्ला केही दिनमा आर्थिक सङ्कटमा फसेको श्रीलङ्काका राष्ट्रपतिले हिजो बुधवार राति सो विज्ञ समूह गठन गरेको उनको कार्यालयले प्रकाशन गरेको विज्ञप्तिमा जनाइएको छ। सो समूहमा श्रीलङ्काको केन्द्रीय बैंकका पूर्वगभर्नर, विश्व बैंकका पूर्वप्रमुख, अर्थशास्त्री र आइएमएफका पूर्वनिर्देशक रहेका छन्। उनीहरूले श्रीलङ्काली राष्ट्रपतिसँग यस विषयमा छलफल पनि गरिरहेका छन्।

हाल आर्थिक सङ्कटमा फसेको श्रीलङ्काका अर्थमन्त्रीले पनि यसअघि नै राजीनामा दिएका छन्। त्यसैगरी, अन्य मन्त्रीहरूले पनि श्रीलङ्काली राष्ट्रपतिसमक्ष सामूहिक राजीनामा दिएका छन्। श्रीलङ्काको आर्थिक क्षेत्रका यी विज्ञहरूको सुझाव र सल्लाहबाट यस देशले आफूलाई आर्थिक सङ्कटबाट बाहिर निकाल्न सकिन्छ कि भन्ने प्रयास गर्ने बताइएको छ।

श्रीलङ्का आर्थिक सङ्कटमा फसेकोले यसको विकास र उद्धारका लागि विभिन्न उपायहरूको खोजी गरिरहेका बेला श्रीलङ्काली राष्ट्रपतिले नियुक्त गरेको यी विज्ञहरूबाट थप सहयोग पुग्ने अपेक्षा गरिएको यहाँका सञ्चारमाध्यमहरूले जनाएका छन्। रासस

## खाद्य सामग्री पुगेकामा संयुक्त राष्ट्रसङ्घको स्वागत

संयुक्त राष्ट्रसङ्घ, २४ चैत/सिन्हवा

संयुक्त राष्ट्रसङ्घले इथियोपियाको टिगरेमा खाद्यान्न एवं अन्य सामग्री पुगेको समाचारको स्वागत गरेको छ। संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटर्रेसले सो समाचारको स्वागत गरेका हुन्। उनले हालै मात्र संयुक्त राष्ट्रसङ्घको समन्वय र सहयोगमा सो क्षेत्रमा खाद्यान्न र आवश्यक मात्रामा इन्धन पठाउन दिनुपर्ने पहल गरेका थिए । संयुक्त राष्ट्रसङ्घले इथियोपियाका दुई द्वन्द्वग्रस्त क्षेत्रमा खाद्यान्न अभाव भएकाले त्यसका लागि सहयोग गर्न आग्रह गरेको थियो।



संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटर्रेस । तस्वीरः एजेन्सी

प्राप्त समाचार इथियोपियामा द्वन्द्वमा परेका नागरिकको सहयोगका लागि खटेका संयुक्त राष्ट्रसङ्घका अधिकारीहरूले बुधवार ती क्षेत्रमा खाद्यान्न र इन्धन बोकेका ट्रकहरू पुगेको जनाएका छन्। यहाँका विद्रोहीहरूले ती क्षेत्रमा खाद्यान्न पुऱ्याउन दिएका भन्दै आगामी दिनमा पनि यस कार्यमा सहयोग गर्न आग्रह गरिएको छ । संयुक्त राष्ट्रसङ्घका महासचिव गुटर्रेसले सो क्षेत्रमा आगामी दिनहरूमा सञ्चार, बैंक र स्वास्थ्य चौकीहरू स्थापनामा सहयोग गर्न आग्रह गरेका छन्। इथियोपियामा गएका केही वर्षदेखि हिंसा जारी छ । यहाँका विद्रोहीहरूले गिरेर र आफरा क्षेत्रमा संयुक्त राष्ट्रसङ्घीय सहायताकर्मीहरूलाई पनि जान दिएका छैनन्। रासस

## रूस–युक्रेन युद्ध अन्त्य गर्न हङ्गेरीका राष्ट्रपतिको आग्रह

बुडापेस्ट, २४ चैत/सिन्हवा

हङ्गेरीका प्रधानमन्त्री भिक्टर अर्वानले रोमानियामा आएर युक्रेनसँग वार्ता गर्न रूसका राष्ट्रपतिलाई आग्रह गरेका छन्। युक्रेनसँगको युद्ध तत्काल रोकेर बुडापेस्टमा आएर वार्ता गरेर विवाद अन्त्य गर्न आफूले आग्रह गरेको उनको भनाइ छ।



हङ्गेरीका प्रधानमन्त्री भिक्टर अर्वान । तस्वीरः एजेन्सी

अत्यधिक मतका साथ प्रधानमन्त्रीमा निर्वाचित भएपछि विदेशी सञ्चारमाध्यमहरूका लागि पहिलोपटक आयोजना गरिएको पत्रकार सम्मेलनमा उनले आफ्नो आग्रहलाई रूसी राष्ट्रपति पुटिनले स्वीकार गर्ने विश्वास पनि व्यक्त गरे । गत अप्रिल ३ मा भएको संसदीय निर्वाचनबाट उनी नेतृत्वको गठबन्धनले दुई तिहाइ मत प्राप्त गरेको छ। आफ्नो गठबन्धनले धेरै सिट जितेपछि राष्ट्रपति पुटिनले बधाई दिन आफूलाई फोन गरेको पनि उनले जानकारी दिए।

राष्ट्रपति अर्वानले युक्रेन र फ्रान्सका राष्ट्रपति र जर्मन चान्सलरलाई पनि जतिसक्दो चाँडो बुडापेस्टमा आएर रूस–युक्रेन युद्ध अन्त्य गर्न आह्वान गरेका छन्। रूस र युक्रेनबीचको युद्ध अन्त्यका लागि आफूले बुडापेस्टमा अन्तर्राष्ट्रिय शिखर सम्मेलन गर्न चाहेको उनको भनाइ छ।

"दुई देशबीचको युद्ध अन्त्य गर्न र गराउन उहाँहरूले यहाँ आएर वार्ता र छलफल गर्न सक्नुहुन्छ, म त्यसका लागि सबैलाई आग्रह गर्छु," उनले भने। उनले शान्ति वार्तामार्फत नै विवाद र युद्धको अन्त्य गर्न सकिने भएकाले त्यसतर्फ नै लाग्नुपर्नेमा जोड दिए। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – मित्रमिलन | वृष – अतिथिआगमन |
| मिथुन – अन्नलाभ | कर्कट – अलमल |
| सिंह – धनलाभ | कन्या – सफलता |
| तुला – राज्यलाभ | वृश्चिक – रोगभय |
| धनु – व्यापारवृद्धि | मकर – शत्रुपराजय |
| कुम्भ – सुसमाचार | मीन – भयचिन्ता |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


### वीरगंज महानगरपालिकाको सूचना

सार्वजनिक यातायातका साधनहरूमा महिला, अपाङ्ग तथा ज्येष्ठ नागरिकहरूको लागि आरक्षित सिट राख्नुपर्ने व्यवस्था बमोजिम वीरगंज महानगर क्षेत्रभित्र सञ्चालित सार्वजनिक सवारीसाधनहरूमा सो व्यवस्था गर्न सम्बन्धित सबैमा सूचित गरिन्छ। साथै सो व्यवस्था पालना नगरिएको पाइएमा कानूनबमोजिम कारबाई हुने जानकारी गराइन्छ।

वीरगंज महानगरपालिका कार्यालय



### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे



राधेमाई छठघाटमा श्रीसिया नदीको दुर्गन्धित र प्रदूषित पानीमा अर्घ्य दिन व्रतालुहरूलाई सास्ती। तस्वीरः राजेश मिश्र

## गर्भपतन गराएको आरोपमा साढे एक वर्ष कैद सजाय

सप्तरी, २४ चैत/रासस

सप्तरीको महादेवा गाउँपालिकाकी एक महिलाको गर्भपतन गर्ने अभियुक्तलाई बिहीवार कैद सजाय भएको छ।



महादेवा गाउँपालिका–४ डाढा बलिया टोलकी २४ वर्षीया महिलालाई कुटपिट गरी गर्भपतन गरेको आरोपमा सोही ठाउँका ५८ वर्षीय डोमा भनिने लक्ष्मण राउत बरैलाई साढे एक वर्ष कैद सजाय भएको अदालतले जनाएको छ।

अदालतका सूचना अधिकारी भरतमणि पोखरेलका अनुसार जिल्ला न्यायाधीश ईश्वरमणि ओझाको इजलासले अभियुक्त बरैलाई कैद सजायको फैसला सुनाएको हो । अन्य तीनजना आरोपितले भने सफाइ पाएका छन्।

बरैसहित उनका छोरा २७ वर्षीय श्याम राउत बरै, सोही ठाउँका ६५ वर्षीय रामजी साह र उनका छोरा ४० वर्षीय सुरेन्द्र साहले २०७७ फागुन ६ गते दिउँसो कुटपिट गरी गर्भपतन गराएको भन्दै पीडितले इलाका प्रहरी कार्यालय, कञ्चनरूपमा उजुरी दिएका थिए । आफ्नो खेतमा बालीनाली हेर्न गएका बेला आरोपितहरूले गहुँबालीमा घाँस काट्ने बहानामा आफ्नो खेतको गहुँ काटिरहेको देखेपछि रोक्न खोज्दा लातमुक्काले कुटपिट गरी घाइते बनाएको पीडितको आरोप छ।

सोही क्रममा पेट दुखेर २०७७ फागुन ११ गते राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा भर्ना भएकोमा फागुन १२ गते पेटमा रहेको १६ हप्ताको गर्भ खेर गएको पीडितको आरोप थियो । प्रहरीले २०७७ फागुन १४ गते उजुरी दर्ता गरी सोही दिन आरोपितमध्ये लक्ष्मण, श्याम र रामजीलाई पक्राउ गऱ्यो। जिल्ला अदालतमा २०७७ फागुन २३ गते अभियोगपत्र दायर भएकोमा जिल्ला न्यायाधीश प्रेमप्रसाद न्यौपानेको इजलासले आरोपित लक्ष्मण, श्याम र रामजी जनही रु ३० हजार धरौटी राखी पुर्पक्षका लागि रिहा भएका थिए। जिल्ला अदालतमा २०७७ चैत १० गते हाजिर भएका सुरेन्द्रसमेत सोही दिन रु ३० हजारमा धरौटी राखी पुर्पक्षका लागि रिहा भएका थिए।

## सुन रु ५ सयले बढ्यो

काठमाडौं, २४ चैत/रासस

सुनचाँदी बजारमा बिहीवार छापावाल सुनको मूल्य प्रतितोला रु ५०० ले बढेर रु ९९ हजार तोकिएको छ। उक्त सुन अघिल्लो दिन प्रतितोला रु ९८ हजार ५०० मा कारोबार भएको थियो।



नेपाल सुनचाँदी व्यवसायी महासङ्घले सार्वजनिक गरेको विवरण अनुसार आज तेजाबी सुनको मूल्य प्रतितोला रु ९८ हजार ५०० कायम भएको छ। उक्त सुन बुधवार प्रतितोला रु ९८ हजार थियो। त्यस्तै, आज चाँदीको मूल्य अघिल्लो कारोबार मूल्यका तुलनामा प्रतितोला रु १० ले बढेर रु एक हजार ३४५ पुगेको महासङ्घले जनाएको छ। अन्तर्राष्ट्रिय बजारमा आज सुन प्रतिऔंस एक हजार ९२१ डलर आसपास कारोबार भइरहेको छ।

## बर्वाटाँडीमा नेकाको समिति गठन

प्रस, पर्सागढी २४ चैत/

पर्सागढी नगरपालिका–४ बर्वाटाँडीमा नेपाली काङ्ग्रेसको टोल समिति गठन भएको छ।



तस्वीरः प्रतीक

टोल समितिको अध्यक्ष नरेन्द्रप्रसाद यादव, उपसभापति रमजान मियाँ, कृष्णप्रसाद चौरसिया, सचिव सहिम मियाँ, शिवनाथ हजरा, सहसचिव सुशीलादेवी राम, रघुनाथ दाहाल, कोषाध्यक्ष मञ्जुदेवी सहनीलगायत २५ जना सदस्य छन् । बुथ सभापति जङ्गबहादुरदास थारूको अध्यक्षतामा भएको कार्यक्रममा प्रेम साह कानू, रामप्रसाद पाठकलगायतको सहभागिता थियो।

### एकपटक ...

आवश्यकता छ । नेपाल विद्युत् प्राधिकरणले देशभर पहिलो चरणमा ५० वटा चार्जिङ स्टेशन निर्माण गर्ने भने पनि हालसम्म ठोस प्रगति हुन सकेको छैन।

यस्तै, निजी क्षेत्रबाट हुन्डाईले ४० वटा चार्जिङ स्टेशन निर्माण गर्दैछ । पछिल्लोपटक सरकारले पेट्रोलियम पदार्थ प्रयोग हुने सवारीसाधनलाई विद्युतीय बनाउनका लागि कानूनी प्रबन्धसमेत गरिदिएको छ। यो काम गर्न पनि ढिलो भएको केहीको बुझाइ छ।

प्राधिकरणले विद्युतीय सवारीसाधनको चार्जिङका लागि विद्युत् महसूल पनि कम गरेको छ। रातिको समयमा चार्ज गर्दा झनै सस्तो पर्न जान्छ। यद्यपि सबै स्थानमा चार्जिङ स्टेशन निर्माण हुन सकेको छैन । स्कूटर, मोटरसाइकल चार्ज गर्न भने घरमैं पनि सकिन्छ।

काठमाडौं उपत्यकामा निजी क्षेत्रले आफ्नै पहलमा चार्जिङ स्टेशन निर्माण गरिरहेका छन्। यसलाई थप विस्तार गर्नुपर्ने आवश्यकता छ। प्राधिकरणले आन्तरिकरूपमा बिजुलीको खपत बढाउनका लागि विभिन्न योजना अगाडि सारेको भएपनि केही कानूनी जटिलताका कारण सोचेजति प्रगति हुन सकेको छैन।

प्रतिष्ठानका वरिष्ठ वैज्ञानिकसमेत रहेका ढकाल सरकार र उद्योगीले देशभित्रै विद्युतीय सवारीसाधन निर्माण र प्रयोगका सन्दर्भमा साझा दृष्टिकोण बनाएर काम गर्नुपर्ने बताउँछन्। नयाँ कामका लागि केही न केही जोखिम लिनैपर्ने उनको भनाइ छ। प्रतिष्ठानले मोबाइल एपबाटै मोटरसाइकल स्टार्ट गर्ने प्रविधिकोसमेत विकास गरेको छ।

पेट्रोलियम पदार्थको खपत क्रमशः कम गर्दै जानुपर्ने छ । एकातिर वातावरणीय जोखिम बढ्दै गएको छ भने अर्कोतर्फ ठूलो धनराशि विदेशिएको छ। यसबाट जोगिनका लागि विद्युतीय सवारीसाधनको प्रयोग नै उपयुक्त विधि हुन जान्छ। वरिष्ठ वैज्ञानिक ढकालले समयले नै मानिसलाई क्रमशः विद्युतीय सवारीसाधनको प्रयोग गर्नेतर्फ अभिप्रेरित गर्ने र त्यसमा प्रतिष्ठानले प्राविधिक र प्राज्ञिक तहबाट सहयोग गरेको बताए।

बजारमा हस्तक्षेप गर्नका लागि सरकारको तर्फबाट पहल हुनुपर्ने उनको भनाइ छ । देशभित्र नै विद्युतीय सवारीसाधन निर्माण हुन सक्छ भन्ने आत्मविश्वास जगाउन पनि आवश्यक छ। त्यसका लागि प्रतिष्ठानले पहल गरेको ढकालले जानकारी दिए।

# टाइफाइड खोप अभियानबारे अभिमुखीकरण कार्यक्रम

प्रस, पोखरिया, २४ चैत/

पोखरिया नगरपालिका स्वास्थ्य शाखाको आयोजनामा पालिकास्तरीय टाइफाइड खोप अभियान सुरुआतको लागि एक दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ।

खोप समन्वय समिति र सरोकारवालाहरूबीच पोखरिया नगरपालिकाको सभाहलमा अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको हो।


तस्वीरः प्रतीक

कार्यक्रममा शाखा प्रमुख कौशलेन्द्र मिश्रले पर्सामा टाइफाइड रोगको अवस्थाबारे प्रकाश पारेका थिए। उनले टाइफाइड सङ्क्रमण सबै उमेर समूहमा हुने बताउँदै १५ वर्षमुनिका बालबालिकामा करीब ११ गुणा बढी सङ्क्रमण हुने बताए।

उनले प्रतिएक लाख जनसङ्ख्यामा पन्ध्र वर्षमाथिका एक हजार ६२ जनामा टाइफाइड सङ्क्रमण भएको जानकारी गराए। मिश्रले पन्ध्र वर्षमुनिका एक लाख बालबालिकामध्ये १० हजार ९६० जनामा टाइफाइड सङ्क्रमण भएको बताए। उनले वैशाख ४ गतेदेखि सञ्चालन हुने टाइफाइड खोप अभियानमा सहयोग गर्न आग्रह गरे।

नगरप्रमुख दीपनारायण रौनियार, उपप्रमुख सलमा खातुन, जनप्रतिनिधि, सामाजिक सङ्घसंस्थाका प्रतिनिधि, कर्मचारी, स्वास्थ्य शाखाका सहायक विश्वनाथ साहलगायतको सहभागिता रहेको कार्यक्रमको सहजीकरण शिवकुमार पटेलले गरेका थिए।

# तीनवटा समझदारीपत्रमा हस्ताक्षर

प्रस, वीरगंज, २४ चैत/

जनविकास माध्यमिक विद्यालय, इरकोट स्वास्थ्य चौकी भवन र महेशफाँट सिंचाइ परियोजनाको निर्माणका लागि नेपालस्थित भारतीय राजदूतावास तथा नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय एवं क्रमशः दुहा गाउँपालिका, दार्चुला, नौगाड गाउँपालिका, दार्चुला र गल्छी गाउँपालिका, धादिङबीच तीनवटा समझदारीपत्रमा हस्ताक्षर सम्पन्न भएको राजदूतावासको कार्यालयले जनाएको छ।


तस्वीरः सौजन्य

भारत सरकारको आर्थिक सहयोगमा भारत–नेपाल विकास सहकार्य अन्तर्गत निर्माण हुन लागेका यी तीनवटा सामुदायिक विकास परियोजनाको कुल अनुमानित लागत रु सात करोड आठ लाख रहेको छ।

रु तीन करोड ३७ लाख लागतमा जनविकास माध्यमिक विद्यालय, रु दुई करोड ५३ लाख लागतमा इरकोट स्वास्थ्य चौकी भवन र रु एक करोड १७ लाख लागतमा महेशफाँट सिंचाइ परियोजना निर्माण गरिने बताइएको छ।

यी परियोजनाहरूको निर्माणले स्थानीय बासिन्दालाई राम्रो शिक्षा र राम्रो स्वास्थ्य सेवा सुविधा प्रदान गर्नुका साथै कृषि र बाली उत्पादन बढाउन स्थानीय किसानहरूलाई मदत पुग्नेछ।

नेपालका सातैवटा प्रदेशमा विशेष गरी तल्लो तहमा स्वास्थ्य, शिक्षा, खानेपानी, कनेक्टिभिटी, सरसफाइ तथा अन्य सार्वजनिक संरचनाहरूको निर्माण जस्ता विविध क्षेत्रहरूमा सन् २००३ यता भारतले ५२४ भन्दा बढी उच्च प्रभाव सामुदायिक विकास परियोजनाहरू अघि बढाइसकेको छ भने ४६७ वटा परियोजना सम्पन्न गरिसकेको छ। त्यसमध्ये दार्चुला जिल्लामा छवटा परियोजनासहित प्रदेश ७ मा ३२ वटा परियोजनालाई अघि बढाइएको छ भने धादिङ जिल्लामा तीनवटा परियोजनासहित प्रदेश ३ मा १०२ वटा परियोजनालाई अघि बढाइएको नेपालस्थित भारतीय राजदूतावासको कार्यालयले जनाएको छ।



# काङ्ग्रेसको चुनावी र्‍याली

प्रस, वीरगंज, २४ चैत/

नेपाली काङ्ग्रेस पर्साको आयोजनामा बिहीवार वीरगंज महानगरपालिका–१० मा चुनावी र्‍याली सम्पन्न भएको छ। स्थानीय चुनावमा नेपाल काङ्ग्रेस केन्द्रीय समितिले तय गरेको नारा 'घर–घर जाऔं, काङ्ग्रेस जिताऔं' अभियान वडाको घडीअर्वा, अशोकवाटिका, आदर्शनगर, रानीघाट टोलमा नेकाका नेताहरू पुगेर चुनावमा रूख छापमा उम्मेदवारहरूलाई जिताउन आग्रह गरेका थिए।

बुथ सभापति रामनगिनाप्रसाद कानूको अध्यक्षता भएको कार्यक्रममा मधेस प्रदेश सरकारका ऊर्जा तथा सिंचाइमन्त्री ओमप्रकाश शर्मा, महाधिवेशन प्रतिनिधि राकेश सिंह, जिल्ला सदस्य हीरालाल साह कानू, आत्माराम गुप्ता, राकेशकुमार साह, भैरव महर्जन, दीपेश श्रीवास्तव, राहुलकुमार गुप्ता, शुभनारायण पटेल, ज्ञानेश ढुङ्गाना, सन्तोषदेवी खतिवडा, पूनम शर्मा, रामेश्वरप्रसाद कानूलगायतको सहभागिता थियो।

# छिमेकीको सेप्टिक टङ्कीमा भेटियो बालकको शव

मलङ्गवा, २४ चैत/रासस

सर्लाहीको गम्हरियाबाट पाँच दिनदेखि हराइरहेका एकजना बालकको शव छिमेकीको घरको सेप्टिक टङ्कीमा भेटिएको छ।

मलङ्गवा नगरपालिका–१२ स्थित गम्हरियाबाट हराएका जीतेन्द्र ठाकुरका अन्दाजी १० वर्षीय छोरा आकाश ठाकुर भनिने मिठुको शव बिहीवार बिहान छिमेकी जगदीश ठाकुरको सेप्टिक टङ्कीमा भेटिएको हो। आकाश गत चैत २० गते आइतवार राति ८ बजेदेखि हराएका थिए। बालक हराएको सम्बन्धमा सोही राति ११ बजे मृतकका परिवारले जिल्ला प्रहरी कार्यालयमा खबर गरेको थियो। बालकको शव परीक्षणका लागि सदरमुकाम मलङ्गवास्थित प्रादेशिक अस्पतालमा ल्याइएको छ। प्रहरीले बालकको हत्यामा संलग्न भएको आरोपमा जगदीश ठाकुरसहित उनका परिवारका सातजनालाई नियन्त्रणमा लिएर अनुसन्धान अगाडि बढाएको जिल्ला प्रहरी कार्यालय, सर्लाहीका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक माधवप्रसाद बुढाथोकीले जानकारी दिए। घटनाबारे थप अनुसन्धान भइरहेको उनले बताए। घटना अनुसन्धानमा खटिएको प्रहरी टोलीले जगदीश ठाकुरसहितलाई नियन्त्रणमा लिएर सोधपूछ गरेपछि उनैले बालकको शव देखाएको मलङ्गवा–१२ गम्हरियाका वडाध्यक्ष रामदरश रायले जानकारी दिए। जगदीशका परिवारले बालकलाई बन्धक बनाएर तीन दिनअघि नै आफ्नै घरको माथिल्लो तलामा हत्या गरेर बोराभित्र शव राखेर सेप्टिक टङ्कीभित्र लुकाएको वडाध्यक्ष रायले बताए।

बालकको शव सेप्टिक टङ्कीभित्र लुकाएर माटोले लिपिएको अवस्थामा फेला परेको उनले जानकारी दिए। "मृतक बालकका परिवारसँग रु १५ लाख फिरौतीसमेत माग गरिएको थियो," वडाध्यक्ष रायले भने, "फिरौतीका लागि बालकको अपहरण गरिएको थियो तर पोल खुल्ने डरले बालकको हत्या गरिएको रहेछ।" छोरो हत्याको घटना सुनेर उनकी आमा अहिले बेहोश भएकी छन्। उनको मलङ्गवास्थित ओम अस्पतालमा उपचार भइरहेको छ।


## झाडापखाला तथा बान्ताबाट बच्न,

- दूषित खानेपानीको प्रयोग नगरौं,
- बासी, सडेगलेका तथा झिँगा, भुसुना भन्किएका खानेकुरा नखाऔं,
- सफासँग हात धोई खाना पकाऔं,
- फलफूल तथा सागसब्जी सफा पानीले पखालेर मात्र खाऔं,
- स्वच्छ र सफा पानीको प्रयोग गरौं वा पानी उमालेर पिउने गरौं,
- चिल्लो वा तारेको खानेकुरा सकेसम्म नखाऔं,

झिँगा, दूषित खाना र पानी, फोहर हात एवं भाँडाकुँडा, झाडापखाला तथा बान्ताका कारक हुन्।

नेपाल सरकार

विज्ञापन बोर्ड


# पोखरियाका नौजना विद्यार्थीलाई उपप्रमुख छात्रवृत्ति दिइने

प्रस, पोखरिया, २४ चैत/

उपप्रमुख छात्रवृत्ति कार्यक्रम अन्तर्गत पोखरिया नगरपालिकाका विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गरिने भएको छ।


तस्वीरः प्रतीक

नगरपालिकाको सामुदायिक विद्यालयका कक्षा १०, ११ र १२ मा अध्ययनरत उत्कृष्ट विद्यार्थीलाई उच्च शिक्षा हासिल गर्न सहज होस् भन्ने उद्देश्यले छात्रवृत्ति प्रदान गरिने उपप्रमुख सलमा खातुनले बताइन्।

उनले पढाइमा प्रतिस्पर्धात्मक पद्धति विकास गर्न छात्रवृत्तिको व्यवस्था गरिएको बताइन्। उनले नगरस्तरीय बजेटबाट छात्रवृत्तिको लागि रु ३ लाख छुट्याइएको जानकारी दिइन्।

उनले जिल्ला उच्चाङ्ल रामदेव कलवार मावि पोखरियामा कक्षा १० मा अध्ययनरत रामलखन साह, बालसुधी पासवान, विश्वजीतप्रसाद चौहान, कक्षा ११ मा अध्ययनरत प्रियङ्का कुमारी, राजभूषण पटेल, दीपनारायण साह र कक्षा १२ मा अध्ययनरत खुस्तरी बेगम, अन्तिमा रौनियार, पुष्पा कलवारलाई छात्रवृत्ति दिने निर्णय भएको जानकारी गराइन्।

उपप्रमुख खातुनले कक्षा १० का उत्कृष्ट तीनजना विद्यार्थीलाई क्रमशः रु ३५ हजार, ३० हजार र २० हजार, कक्षा ११ का उत्कृष्ट तीनजना विद्यार्थीहरूलाई क्रमशः रु ४० हजार, ३० हजार, २५ हजार तथा कक्षा १२ का उत्कृष्ट तीनजना विद्यार्थीलाई क्रमशः रु ५० हजार, ४० हजार र ३० हजार चेकमार्फत प्रदान गरिने जानकारी गराइन्।






# नेकाको पोखरियामा पार्टी कार्यालय उद्घाटन

प्रस, पोखरिया २४ चैत/

नेपाली काङ्ग्रेस, पर्साका सभापति जनार्दनसिंह क्षत्रीले पोखरियामा पार्टी कार्यालयको उद्घाटन गरेका छन्।


तस्वीरः प्रतीक

कार्यक्रममा सभापति क्षत्रीले पर्साका चौधवटै स्थानीय तहमा नेकाको जीत हुने दाबी गरे। उनले गाउँघर जाऊ, नेकालाई जिताउ अभियान सफल बनाउन आग्रह गरे।

नेका क्षेत्र नं ३ का क्षेत्रीय अध्यक्ष श्रीकृष्णप्रसाद चौहानको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष रामरूप कुर्मी, नगरप्रमुख दीपनारायण रौनियार, सकिम मियाँ, ललन द्विवेदी, वडाध्यक्ष रामबाबू चौहान, सोनालाल साहलगायतको सहभागिता थियो।

# पोखरिया अस्पताललाई पङ्खा प्रदान

प्रस, पोखरिया, २४ चैत/

लोकतान्त्रिक समाजवादी पार्टी नेपालले पोखरिया अस्पतालमा पाँच थान पङ्खा हस्तान्तरण गरेको छ।


तस्वीरः प्रतीक

लोसपाका संयोजक नेतामुद्दीन समानीलगायतले अस्पतालका मेसु डा सञ्जय गुप्तालाई पाँच थान पङ्खा हस्तान्तरण गरेका थिए। कार्यक्रममा नेता समानीले पोखरियामा बन्द रहेका अन्य सेवाहरू यथाशीघ्र सञ्चालन गर्न अनुरोध गरे।

कार्यक्रममा लोसपाका आशा चौहान, दिनेशकुमार साह, नारायण यादवलगायतको सहभागिता थियो।